का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ भदौ २०७९,
आइतबार
11 September 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्






## प्रचण्ड–जनार्दन नोकझोंक

माओवादी केन्द्र निरन्तर प्रचण्डको नेतृत्वमा छ । निरन्तर नेतृत्वमा रहेकैले पार्टीभित्र उनको आलोचना कमै हुन्छ । तर, महासचिवमा दाबी गर्दै आएका जनार्दन उपमहासचिवमा खुम्चिएपछि नेतृत्वसँग रुष्ट भएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्मा प्रचण्डको आलोचनामा उत्रिएका छन् । माओवादी केन्द्र निरन्तर प्रचण्डको नेतृत्वमा छ । निरन्तर नेतृत्वमा रहेकैले पार्टीभित्र उनको आलोचना कमै हुन्छ । तर, महासचिवमा दाबी गर्दै आएका जनार्दन उपमहासचिवमा खुम्चिएपछि नेतृत्वसँग रुष्ट भएका छन् । यही रुष्टता उनले गत बुधबार अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले काठमाडौंमा आयोजना गरेको क्रान्तिकारी फोर्स घोषणा कार्यक्रममा प्रकट गरे ।

नीति र नेतृत्वको बचाउका लागि समेत आलोचना आवश्यक रहेको उनको भनाई छ । पार्टीको विद्यार्थी संगठनमा समेत अलग्गै गतिविधि गर्ने समूहलाई अध्यक्ष प्रचण्डलेृ पुल्पुल्याएको जनार्दनको कडा टिप्पणी छ । अराजकता गर्नेलाई नेतृत्वले पुल्पुल्याउने काम गर्नु खराब भएको भन्दै उनी आलोचनामा उत्रिएपछि प्रचण्डले पनि जनार्दनलाई आफुले अगाडि बढाउको घमण्ड प्रकट गरे ।

नेता शर्माले संगठन विधि र पद्धतीमा चल्नुपर्ने भन्दै प्रचण्डप्रति छेड हाने । पार्टीमा एकले अर्काको विरुद्धमा अध्यक्षसमक्ष कुरा लगाउने प्रवृति रहेको भन्दै उनले एउटाको कुरा सुनेर अर्कोप्रति मनमुटाव साँध्नेकाम विद्यार्थी संगठनको अध्यक्षले गर्नु नहुने बताए । चुनावको बेलामा पार्टीभित्र एकले अर्काको भण्डाफोर नगरी एकतावद्ध भएर जानुपर्नेमा जोड दिँदै उनले आफूले सधैं नीति र नेतृत्वको रक्षा गरे पनि अध्यक्ष दाहालको आफू आलोचक पनि भएको भनी कटाक्ष गरे ।

अझ जनार्दनले प्रचण्डलाई छेड हान्न साहित्यीक पारा देखाए । 'नबजाउ ताली, मलाई तालीदेखि डर लाग्छ, नगर गाली, गालीदेखि मलाई दुःख लाग्छ । सक्छौ भने आलोचना गर, त्यसले मलाई रक्षा गर्छ' कवितात्मक शैलीमा शर्माले भने । नेता जनार्दनले आफूलाई उपमहासचिवका रुपमा चिनाउन अस्वीकार पनि गरे । पार्टीमा ६ जना मात्र उपमहासचिव रहेको भन्दै उनले भने 'म संगठन विभाग प्रमुखको हैसियतले सम्बोधन गरेको तपाईंहरुलाई जानकारी गराउन चाहन्छु ।'

उनी यत्तिमा मात्र रोकिएनन्, आफू अध्यक्ष प्रचण्डको कडा आलोचक पनि भएको बताए । आफूले सही नीति र नेतृत्वको रक्षा गर्दै आएको भन्दै उनले 'म त प्रचण्ड कमरेडको आलोचक हुँ, आलोचना गर्छु । आलोचनाले नेतृत्वको रक्षा हुन्छ । चाकडीले रक्षा हुँदैन । सबैभन्दा बढी संरक्षक, रक्षा गर्ने पनि मै हुँ ।'

– बाँकी पृष्ठ २ मा

एमालेको चुनाव नीति

## कांग्रेसलाई उक्साउने माओवादीलाई फकाउने !

सत्ता गठबन्धनबाट आत्तिएको एमाले कांग्रेसलाई एक्लाएक्लै लड्न उक्साउने र माओवादीलाई फकाउने रणनीतिमा देखिन्छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

आगामी प्रतिनिधिसभा निर्वाचनमा पाँच दलीय गठबन्धन हुने निश्चित भएपछि नेकपा एमालेले नेपाली कांग्रेसलाई फकाउन थालेको छ । स्थानीय चुनावमा गठबन्धनकै कारण धेरै स्थानमा पराजय भोग्नु परेको र आगामी निर्वाचनमा पनि सोही अवस्था देखिने भएपछि कांग्रेस फकाउने रणनीतिमा एमाले लागेको हो । जसका लागि एमालेले कांग्रेसलाई सिंगल सिंगल चुनाव लडौं भन्ने प्रस्ताव राखेको छ । अनौपचारिक रुपमा विभिन्न च्यानलबाट कांग्रेसलाई प्रस्तव राखिसकेको छ । कांग्रेसलाई सीट बाँडफाँटका कारण गठबन्धन टुट्यो भने पनि एमालेले माओवादी र नेकपा एसलाई नबोक्ने आश्वासन दिदैं सिंगल सिंगल नै निर्वाचनमा जान अपिल गरेको हो ।

'एक्लाएक्लै भिडौं, माओवादी केन्द्र र नेकपा एसलाई कोही नबोकौं । यदि कांग्रेसलाई कतै एमालेले माओवादीसँग तालमेल गर्छ कि भन्ने आशंका छ भने लिखित रुपमै हामी दिन पनि तयार छौं । कम्तीमा यो एक चुनाव एमाले र माओवादीबीच तालमेल वा गठबन्धन हुँदैन' एमालेका एक नेताले भने । तर पनि सभापति देउवा यसमा सहमत नदेखिएको र कांग्रेसलाई एमालेले माओवादीसँग तालमेत गर्छ भन्ने भयका कारण सो अवस्था देखापरेको उनको भनाई छ ।



गठबन्धनको खिलापमा ठूलो षड्यन्त्र भइरहेको छ, तर गठबन्धन टुट्दैन् । गठबन्धनको विरोध गर्नु पार्टी सिध्याउने षड्यन्त्र हो ।

**शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



कांग्रेसको पछि लागेपछि उसले उब्रेको दिने त हो, लात पनि हान्छ, माओवादी, एकीकृत समाजवादी र जसपाले सगौरव लात खानुपर्छ ।

**विष्णु पौडेल**
उपाध्यक्ष, नेकपा एमाले

'माधव नेपालको पार्टीलाई त एमालेले बोक्दैन भन्नेमा त हामी विश्वस्त छौं । तर माओवादीको हकमा अझै विश्वस्त हुन नसकिरहेको अवस्था हो । के थाहा भोलि तलको आवश्यकता भन्दै भटाभट तलतलै एमाले र माओवादी मिल्न सक्छन्,'नेपाली कांग्रेसका एक केन्द्रीय सदस्यले भने । त्यसका लागि कांग्रेसका नेता शेखर कोइराला, मिनेन्द्र रिजाल लगायतका नेताहरुले देउवालाई नै भेटेर सो प्रस्ताव राखेका छन् । तर पनि सभापति देउवा सो कुरा मान्न तयार छैनन् । बरु उनी गठबन्धन टुटाउने षड्यन्त्र भएको र कुनै पनि हालतमा गठबन्धन नटुट्ने बताउँछन् । 'गठबन्धनको खिलापमा ठूलो षड्यन्त्र भइरहेको छ, तर गठबन्धन कुनै हालतमा टुट्दैन,' 'गठबन्धनको विरोध गर्नु भनेको पार्टी सिध्याउने षड्यन्त्र हो' देउवाले भने । उनले गठबन्धनको विरोध गर्नु पार्टीको हित विरुद्ध हुने भन्द विरोध नगर्न समेत नेताकार्यकतालाई निर्देशन दिएका छन् ।

तर गठबन्धन हुँदा देशका विभिन्न स्थानबाट विद्रोही उम्मेद्वार उठ्ने र एमालेले आफू नजित्ने ठाउँमा तीनै विद्रोहीलाई बोक्ने, आफू जित्ने ठाउँमा उनीहरूलाई उक्साउने र मत काट्ने हो कि भन्ने पनि कांग्रेसको आशंका छ । तरपनि, कांग्रेस गठबन्धनबाट पूरा लाभ लिने र सकेसम्म बहुमत पुर्‍याएर सरकार सञ्चालन गर्ने रणनीतिमा छ । अनि, गठबन्धनबाट आत्तिएको

– बाँकी पृष्ठ २ मा

## एमाले र लोसपाबीच तालमेल प्रयास

नेकपा एमाले र लोसपाबीच तालमेलको प्रयास भएको छ । तर, लोसपाले अझै पाँच दलीय सत्तागठबन्धन र त्यसको नेतृत्वकर्ता नेपाली कांग्रेसको निर्णय कुरेको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

सत्तारुढ गठबन्धनबीच सिट बाँडफाँटमा सकस भइरहँदा नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेताहरुबीच छलफल बाक्लिएको छ । सत्तारुढ गठबन्धनमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी असन्तुष्ट रहेको भनी लोसपा नेताहरुले भनिरहे पनि त्यस्तो संकेत नपाएपछि एमालेसँग नजिकिएको कतिपयको टिप्पणी छ । तर, अझै तर, लोसपाले पाँच दलीय सत्तागठबन्धन र त्यसको नेतृत्वकर्ता नेपाली कांग्रेसको निर्णय कुरेको छ ।

कांग्रेसको निर्णय आउन ढिला भएपछि एमाले अध्यक्ष केपी शर्मा ओली र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुरले औपचारिक रुपमै भेट गरेका छन् । नेताहरुका भेटमा आगामी मंसिर ४ गते हुने आमनिर्वाचनमा दुई पार्टीबीच तालमेलबारे छलफल भएको छ । मधेसमा लोसपाका मुख्य क्षेत्रीय प्रतिद्वन्द्वी जसपा हालको सत्ता गठबन्धनसँग चुनावी तालमेल टुंगो लगाउने प्रयासमा छ । पार्टी अध्यक्ष उपेन्द्र यादव आफैं सिट बाँडफाट निष्कर्षमा पुऱ्याउन सक्रिय रहे पनि लोसपाले समयमा निर्णय नलिएको भन्दै लोसपाका दोस्रो तहका नेताहरुले ठाकुरलाई दबाव दिएका छन् । मधेस प्रदेशमा रहेका ३२ प्रतिनिधिसभा





निर्वाचन क्षेत्रमध्ये करिब १८ वटा लिनेगरी एमालेसँग सहमति बन्न सक्ने नेताहरु बताउँदछन् ।

लोसपाका नेताहरु सत्तारुढ गठबन्धनमा सामेल हुने चाहना पूरा नहुने संकेत देखिएको बताउँछन् । काँग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा तालमेलका निम्ति



सत्तारुढ गठबन्धनसँग नभएपछि नेकपा एमालेसँग गठबन्धन गर्ने तयारी गर्नु अन्यथा होइन । त्यसको निम्ति अनौपचारिक कामहरु भइरहेका छन् ।

**राजेन्द्र महतो**
वरिष्ठ नेता, लोसपा

सकारात्मक भए पनि अन्य कारणले आफूहरुको योजना सफल नभएको बताएका हुन् ।

लोसपा वरिष्ठ नेता राजेन्द्र महतोले प्रधानमन्त्री तथा काँग्रेस सभापति देउवाको पाँच दलीय सत्ता गठबन्धनमा लोसपालाई समेट्ने प्रयास असफल भएको बताउँछन् । सत्तारुढ गठबन्धनसँग नभएपछि अब आफूहरु नेकपा एमालेसँग गठबन्धन गर्ने तयारीमा लागेको बताए । उनले भने, 'त्यसको निम्ति अनौपचारिक कारहरु भइरहेका छन् ।'

नागरिकता विधेयकलाई लिएर एमालेले गरिरहेको विरोधका कारण लोसपालाई एमालेसँग तालमेल गर्न अप्ठ्यारो भइरहेको कतिपयको टिप्पणी छ । एमालेले संघीय संसदबाट पारित भएर प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुगेको नागरिकता विधेयकको विरोध गरिरहेको छ । सत्ता गठबन्धनले प्रमाणीकरणका लागि दबाब दिइरहेको छ । यो मुद्दामा लोसपा सत्तागठबन्धानसँग नजिक छ ।

वैदेशिक रोजगार विशेष

## आगामी निर्वाचनका लागि दर्जन व्यवसायी उम्मेदवार सिफारिस

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ भदौ

करिब एक दर्जन बढी वैदेशिक रोजगार व्यवसायीले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि हालसम्म आफ्नो उम्मेदवारी प्रस्तुत गरिसेकाका छन् । इच्छुकमध्ये अधिकांशको आकांक्षा प्रदेशसभा र थोरै व्यवसायीको मात्र प्रतिनिधिसभाका लागि देखिएको छ । स्थानीय तहमा प्रतिस्पर्धा नगरेका व्यवसायीहरूले पार्टीमा गरेको योगदान, त्याग र भविष्यमा राष्ट्रका लागि गर्न सक्ने योगदानका आधारमा आफ्नो उम्मेदवारी प्रस्तुत गरिरहेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक खगोल ओभरसिज प्रा.लि.का सञ्चालक विमलप्रसाद ढकाल नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं ३ (ख) बाट लुम्बिनी प्रदेशभा सदस्यमा उम्मेदवार सिफारिस भएका छन् । उनी पार्टीको महाधिवेशन प्रतिनिधि पनि हुन् । नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि कञ्चन ह्युमन रिसोर्स सर्भिसेज प्रा.लि.का सञ्चालक किरण किशोर घिमिरे दाङ जिल्लाको क्षेत्र नम्बर २ बाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार सिफारिस भएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष कान्तिपुर म्यानपावरका सञ्चालक धनलाल जैसी म्याग्दीबाट गण्डकी प्रदेशसभा सदस्यको पत्यक्षतपर्फ उम्मेदवार सिफारिस भएको बताइएको छ । मञ्चका महासचिव आकृति रिक्रुटमेन्ट प्रा.लि.का कुन्छा दोर्जे डिम्दोङ्ग प्रतिनिधिसभाको समानुपातिकतर्फवउम्मेदवार सिफारिस भएका छन् ।

यसैगरी रियाज एण्ड फराह ओभरसिज प्रा.लि.का सञ्चालक नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि मित्रदेव घिमिरे (गोपाल) कपिलवस्तु निर्वाचन क्षेत्र नं १ (ख) बाट लुम्बिनी प्रदेशसभामा सिफारिस भएका छन् । उता संघका पूर्वअध्यक्ष स्काई

– बाँकी पृष्ठ २ मा

### यूएईमा एक महिनामा २४ नेपालीको मृत्यु

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा यूएई गएकामध्ये करिब एक महिनाको अवधिमा २४ जना नेपालीको मृत्यु भएको छ । यूएईस्थित नेपाली दूतावासले गत साउन महिनामा उनीहरुको मृत्यु भएको जनाएको छ ।

गत आर्थिक वर्ष २०७८/०७९ मा वैदेशिक रोजगारीका लागि यूएई गएकामध्ये २ सय ६ जनाको मृत्यु भएको थियो । त्यसमध्ये १ सय ९९ जनाको शव नेपाल ल्याइएको र ७ जनाको यूएईमा नै अन्तिम संस्कार गरिएको दूतावासले जनाएको छ ।

## दार्चुला बाढी ५ को मृत्यु, ७ बेपत्ता



**दिपक बाबु साउँद/मध्यान्ह**
दार्चुला, २५ भदौ ।

दार्चुलामा बाढी पहिरोबाट ५ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा नौगाड गाउँपालिकाका तीन र महाकाली नगरपालिकाका दुई जना रहेका छन् । बाढी पहिरोमा परी सातजना अझै बेपत्ता छन् । बेपत्ता सबै सदरमुकाम खलङ्गास्थित महाकाली नगरपालिकाका रहेका छन् । सहायक प्रमुख जिल्ला अधिकारी हेमन्ती साउदका अनुसार बाढी पहिरोमा परेर मृत्यु हुनेमा महाकाली नगरपालिका-२ मुल्लाका ७७ वर्षीय नन्दराम बोहरा र महाकाली-३ डुङरीकी ३५ वर्षीया मानमति कार्की तथा नौगाड गाउँपालिका-१ की ३५ वर्षीया जानकी ठगुन्ना र १५ वर्षीया धनुली ठगुन्ना तथा नौगाड-२ का ४५ वर्षीय मोहनराम पार्की छन् ।

पहिरोमा परी नौगाड-४ का रामसिँह ठगुन्ना, विरा ठगुन्ना, फागुली ठगुन्ना र जयवहादुर ठगुन्ना घाइते छन् । उनीहरुलाई सुर्खेतबाट आएको नेपाली सेनाको हेलिकप्टरमा नौगाडबाट खलङ्गा हुँदै केही बेर अघि कैलालीको धनगढी लगिएको सहायक प्रजिअ साउदले जानकारी दिए ।

जिल्ला अस्पताल दार्चुलामा उपचार सम्भव नभएपछि चारैजनालाई धनगढी लगिएको उनले बताए । यस्तै बाढी पहिरोमा बेपत्ता महाकाली नगरपालिकाको लास्कु

– बाँकी पृष्ठ २ मा

## टिआरसी विधेयक

# विज्ञहरुसँग छलफल

**काठमाडौं/मस-** बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई सशोधन गर्न बनेको विधेयकलाई आगामी प्रतिनिधिसभाको बैठकमा पेश हुने भएको छ ।




कानून, न्याय तथा मानव अधिकार समितिले विधेयकका संशोधनकर्ता, पीडित, सरोकारवाला र मानव अधिकार सम्बन्धी संघ संस्थाका पदाधिकारीसँग राय, सुझाव तथा परामर्श लिएपछि सदनमा पेश गर्ने निर्णय गरेको हो ।

समितिका सभापति कृष्णभक्त पोखरेलले संविधान, अन्तर्राष्ट्रिय अभ्यास र मूल्य मान्यता, विद्वानका राय एवं पीडितको आवाज सम्बोधन गर्ने कोणबाट विधेयकलाई समृद्ध तुल्याइने बताए ।

उनले भने, 'विधेयकमाथि विभिन्न चरणमा एक सय ७६ संशोधन परेका थिए, विधेयकलाई सहमतिका आधारमा अघि बढाइनेछ, छिटो टुंग्याउन अघि बढाउने सन्दर्भमा हामी कोही पक्ष र विपक्षमा छैनौ ।'

कानून न्याय तथा संसदीय व्यवस्थामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले विधेयकलाई अघि बढाउने सिलसिलामा आएका प्रतिक्रिया र चासोलाई सम्बोधन गरिने विश्वास दिलाए । उनले भने, 'द्वन्द्वको समय भए पनि हत्या र बलत्कारजस्ता गम्भीर अपराधमा संलग्नलाई कारबाहीको दायरामा ल्याइनेछ ।'

सभापति पोखरेलले विधेयकलाई समृद्ध तुल्याउने सिलसिलामा समितिलाई आवश्यक पर्दा तत्काल उपस्थित रहन मन्त्री कोइरालाई निर्देशन दिए । समितिले प्रतिनिधिसभाको यही भदौ २९ गतेको बैठकमा उक्त विधेयक पेश गर्ने सोच बनाएको छ ।

यसअघि बैठकमा वरिष्ठ अधिवक्ता सुनिल पोखरेलले विगतको द्वन्द्वको घाउ मेटाउने सन्दर्भमा परिपूर्णसहित पीडितलाई न्याय दिलाएर समाजमा शान्ति कायम गर्ने उद्देश्य रहेको विधेयक अघि बढाउँदा पीडितका मागलाई सम्बोधन गर्न आवश्यक रहेको बताए ।

नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक सुरेन्द्रबहादुर शाहले राज्यले दिएको आदेशको पालना गर्ने सिलसिलामा भएका घटनालाई सोहीरुपमा बुझ्न र ब्याख्या हुन जरुरी रहेको धारणा राखे ।

राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य सुदीप पाठकले द्वन्द्वको समयमा भएका अपराधका घटनामा सत्यको अन्वेषण गर्नेजस्ता आधारभूत विषयमा विश्वव्यापीरुपमा एकरुपता भए पनि द्वन्द्वको प्रकृति र परिस्थिति अनुरुप संवैधानिक व्यवस्था र उठेका प्रश्नको सम्बोधन गरिनुपर्नेमा जोड दिए । मानवअधिकारकर्मी सुशील प्याकुरेलले राजनीतिक दलबीचको सहमतिका आधारमा मात्र नभइ विषयविज्ञको राय र पीडितलाई चित्त बुझाउनेतर्फ जान आवश्यक रहेको बताए ।

आयोगका सदस्य मनोज दुवाडीले द्वन्द्व समाधानका लागि गरिने प्रयासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता एवम् पीडितले परिपूर्ण र राहत पाउनुपर्ने धारणा राखे ।

सरकारले शान्तिप्रक्रियाका बाँकी काम सम्पन्न गर्ने सन्दर्भमा अन्तरिम संविधान, विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा निर्देशनात्मक आदेश, अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानूनको विश्वव्यापी मान्यताका आधारमा तयार गरेको विधेयकमा सरोकारवालाको राय सुझाव लिइरहेको छ ।

यसअघि नै बेपत्ता व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरी काम भइरहेको तथा शान्ति प्रक्रियाको कामका लागि चालु आवमा रु.एक अर्ब चालिस करोड बजेट विनियोजनसमेत भएको छ । आयोगले कार्यसम्पादनका क्रममा पीडितलाई दिने राहत, क्षतिपूर्तिका लागि थप व्ययभार पर्ने विधेयकको आर्थिक टिप्पणीमा उल्लेख छ ।

# 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड'मा नाम लेखाउने तयारीमा एलिस विष्ट



काठमाडौं/मस- कञ्चनपुर-२ कृष्णनगरका २७ वर्षीय एलिस विष्टले 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड'मा नाम लेखाउने तयारी गरिरहेका छन् ।

शनिबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरेर विष्टले ३ महिनाभित्र वर्ल्ड रेकर्ड राख्ने तयारी गरिरहेको बताए ।

उनले ३० सेकेण्डमा ८८ भन्दा बढी गाँजर काटेर वर्ल्ड रेकर्ड राखेका जापानका सेपर्डको रेकर्ड तोड्ने प्रयास गरिरहेको स्पष्ट पारे ।

विष्टले ३० सेकेण्डमा आफूले अहिलेसम्म ८७ वटा गाँजर काट्न सकेको पनि बताए ।

'मलाई डेढ वर्षअघि देखिनै वर्ल्ड रेकर्ड राख्ने बारे दिमागमा आएको थियो । यसपालि भने मैदानमै उत्रिन खोजेको हुँ । यसको लागि व्यापक तयारी गरिरहेको छु ।' उनले भने,'सबैले गरिराखेको देखेकै छु, के भो त आफूले पनि गरिहाल्यौं न भनेर,नसके भनेपनि प्रयास त हुन्छ नी ।'

त्यसबारेमा केही सिनियर व्यक्तित्वहरुसँग पनि परामर्श लिएर अघि बढेको उनले जनाए । 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' राख्न विष्टलाई हेल्प फर हेप्पीनेस, दारी ग्याङ, फ्रिडमफोरम फुड रेष्टुरेन्टलगायत सहयोगी पार्टनर रहेका छन् ।

नारायण प्रसाद कोइरालाको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा लक्ष्मण प्रसाद मण्डल लगायतले बिष्टलाई शुभकामना दिएका थिए ।

क्लबमा आयोजना गरिएको कार्यक्रममा बिष्टले गाँजरसहित फलफुल काटेर समेत देखाएका थिए ।

# रामपुरमा वृहत् लाखेनाच प्रदर्शन

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, २५ भदौ

नेवा समाज रामपुर पाल्पाको आयोजनामा १२ औ वृहत् लाखेनाच प्रदर्शन गरिएको छ । पाल्पा, स्याङ्जा र तनहुका विभिन्न स्थानका गरी २३ समुहले प्रदर्शनीमा भाग लिएका थिए । नेवार समुदायले आफ्नो परम्परादेखि नै चल्दै आएका मौलिक संस्कृति संरक्षण गर्न लाखेनाथ प्रदर्शन गरेको समाजका अध्यक्ष बाबुराम श्रेष्ठले बताए ।



श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन लुम्बिनी प्रदेशसभा सदस्य युवराज खनालले गर्दै लाखेनाच नेवार समुदायको पहिचानको रुपमा रहेको महत्वपूर्ण संस्कृति बताए । प्रदेशसभा सदस्य खनालले नेवा समाज रामपुरले कला संस्कृतिको जगेर्ना गर्न विगतका वर्षदेखि नै यस्ता कार्यक्रम गर्दै आएको र कला संस्कृतिको संरक्षणका लागि सबै सरकारको दायित्व हुनुपर्ने भन्दै यसका लागि ठोस कार्यक्रम सरकारले ल्याएर सहयोग गर्नुपर्नेमा जोड दिए ।

रामपुर बेझाड बजारमा प्रदर्शन गरिएको लाखेनाच हेर्नेको दर्शकको ठुलो सहभागिता रहेको थियो । विभिन्न समूहले भेषभुषामा सजिएर लाखेनाथ प्रदर्शन गरेपछि बेझाड बजार रामपुर नगरपालिकाको प्राङ्गण दर्शकले भरिभराउ बनेको थियो । सहभागीलाई नगदसहित प्रमाण पत्र प्रदान गरिएको छ । समाजका ज्येष्ठ सदस्य ८३ वर्षीय टेकबहादुर श्रेष्ठ र ८१ वर्षीय टुकामाया श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान पत्रद्वारा सम्मान गरिएको छ ।

कार्यक्रममा नेवा समाज रामपुरका संस्थापक अध्यक्ष राजुप्रसाद श्रेष्ठले संस्कृतिको जगेर्ना गर्दै हरेक वर्ष रामपुरमा गाईजात्रा, रोपाईजात्रा, लाखेनाच लगायतका कार्यक्रम देखाउदै आएको बताए । समाजसेवी सन्दीप रानाले समुदायको पहिचानका रुपमा रहेको लाखेनाच जस्ता विभित्र संस्कृतिलाई निरन्तरता दिन नेवा समाज रामपुरले वर्षेनी राम्रो कार्य गरेकोमा धन्यवाद दिँदै सबै समुदायले आफ्नो कला, संस्कृति संरक्षण गर्नुपर्ने बताए । रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले विभिन्न स्थानका समूहलाई एकीकृत गर्दै आफ्नो कला देखाउने अवसर नेवा समाजले दिएको बताए । समाजका सदस्य रुद्रनारायण श्रेष्ठले धन्यवाद दिएको कार्यक्रमको संचालन सचिव बिमल श्रेष्ठले र स्वागत उपाध्यक्ष राजकुमार श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए ।

# भारतीय सेनामा भर्ती हुने वातावरण मिलाउन सरकारको ध्यानाकर्षण




**काठमाडौं/मस-** संयुक्त भूतपूर्व सैनिक एवम् प्रहरी कल्याणकारी महासंघ नेपालले भारतीय सेनाको अग्निपथ योजनाअन्तर्गत नेपाली युवाहरुलाई भर्तीको व्यवस्था मिलाउनुपर्ने माग गरेको छ ।

शनिबार रिपोर्टर्स क्लब नेपालमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले महासंघ नेपालका अध्यक्ष कर्नल धनबहादुर थापाले भारतीय सेनाको अग्निपथ योजनामा नेपाली युवाहरुको सहभागिताको बारेमा सरकारले चासो नदिएको आरोप लगाए । साथै उनले भारतीय सेनामा जान चाहने युवाहरुको चाहनालाई सरकारले कुठाराघात गरेको टिप्पणी गरे ।

उनले राज्यले आफ्नो हितमा भएको कुरा किन लागु नगरेको भन्दै गुनासो पोखे । राज्यले लिएको नीतिको कारण नेपाली युवाहरु ठूलो मारमा परेको उनको भनाइ छ । महासंघ नेपालले सन् १९४७ मा नेपाल, भारत र बेलायत सरकारबीच भएको त्रिपक्षीय सन्धीअनुरुप हालसम्म भारतीय सेनामा रहेको गोरखा सैनिकमाथि कुनै प्रकारको विभेद नरहेको पनि स्पष्ट पारेको छ । यस्तै, महासंघ नेपालले भारतले आफ्नो सेना सुदृढीकरण योजनाअन्तर्गत ल्याएको अग्निपथ योजना कुनै जाति, धर्म, क्षेत्रविशेष या गोरखा भर्तीमा मात्र केन्द्रित नभई सम्पूर्ण देशभरिन नै लागु हुने भारतको सदन र सरकारले पास गरेको राष्टिय योजना भएको जनाएको छ ।

महासंघले अग्निपथ भर्ती कार्यक्रमबाट नेपाललाई प्रत्यक्ष या अप्रत्यक्ष रुपमा हुने फाईदाहरुको पनि प्रकाश पारेको छ । उक्त अग्निपथ भर्ती योजनाअन्तर्गत दुई देशबीच रहँदै आएको सौहार्दपुर्ण सम्बन्धलाई अझ सुमधुर एवम् प्रगाढ पार्न थप मद्दत पुग्ने कुरामा विश्वस्त रहेको पनि महासंघको भनाइ छ ।

महासंघले नेपाली युवाहरु १७, १८ वर्षको उमेरमा भारतको अग्निपथ योजनाअन्तर्गत भर्ती भएकाहरु ४ वर्षपछि अवकाश पाउँदा २१/२२ वर्षको हुने र ती युवाहरुलाई नेपाली सेना तथा प्रहरमा भर्ती गरी तालिम खर्च र तालिमको समय पनि बचाउन सकिने उल्लेख गरेको छ ।

कार्यक्रममा महासंघ नेपालका कर्नल विजयकुमार राईले जतिसक्दो उक्त भर्तीलाई सुचारु गरिनुपर्ने माग गरे । अहिले भर्ती रोकियो भने १२ देखि १३ हजार नेपाली युवाहरुको भारतीय सेनामा भर्ती हुने सपना अधुरो हुने उनको भनाइ छ ।

## राष्ट्रिय स्वतन्त्र पार्टी बबईको अध्यक्षमा डाँगी

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, २५ भदौ

राष्ट्रिय स्वतन्त्र पार्टी बबईको अध्यक्षमा भक्त बहादुर डाँगी चयन भएका छन् । शनिबार हापुरेमा भएको एक कार्यक्रममा डाँगीको अध्यक्षतामा पालिका स्तरीय ७ सदस्यीय तदर्थ कार्यलसमिति चयन गरिएको हो । तदर्थ समितिको उपसभापतिमा पवित्रा बिक, सचिवमा डम्बर बहादुर गिरी, कोषाध्यक्षमा प्रेम बहादुर केसी चयन भएका छन् । समितिको सदस्यहरुमा भिम बहादुर चौधरी, भोज बहादुर केसी, वीरबहादुर नेपाली रहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका दाङ जिल्ला सभापति ओपेन्द्र दाहालको अध्यक्षता तथा राष्ट्रिय स्वतन्त्र पार्टी लुम्बिनी प्रदेश सभापति सुजन ज्ञवालीको प्रमुख आतिथ्यता एवम् दाङ जिल्ला सलाहाकार गोबिन्द अधिकारीको उपस्थितिमा सम्पन्न भेलाको सहजिकरण डम्बर बहादुर गिरीले गरेका थिए ।

# लागुऔषध र हतियारसहित युवक पक्राउ

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २५ भदौ

सिरहामा प्रहरीले लागुऔषध र विभिन्न हतियारसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कल्याणपुर नगरपालिका २ का १९ वर्षीय पप्पु भनिने सुमन मण्डल रहेका छन् । ईलाका प्रहरी कार्यालय माडरबाट खटिएको टोलीले सिरहा १७ कमला बाँधबाट उनलाई पक्राउ गरेको हो । साइकलमा सवार उनलाई सङ्का लागेर प्रहरीले चेकजाँच गर्दा उनको साथबाट फलामको तरबार र फर्सा एक-एक थान, फाईटर रिङ्ग ६ थान, पेस्तोल जस्तो देखिने लाईटर एक थान र लागुऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

### एमालेको...

एमाले पनि सके कांग्रेसलाई एक्लाएक्लै लड्न उक्साउने अनि नसके अन्तिममा माओवादीलाई फकाउने रणनीतिमा देखिन्छ । यही भाव नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले व्यक्त गरेका छन् । गठबन्धनका अरु दललाई कांग्रेसले लात हान्ने उनको टिप्पणी छ ।

बुटवलमा शनिबार पार्टी निकट प्राध्यापकहरुसंगको कार्यधक्रममा नेता पौडेलले भने, 'कांग्रेसको पछि लाग्ने अनि उसैलाई हामीलाई नहेप भनेर घुर्की लाउने गरेका छन् । कांग्रेसको पछि लागेपछि उसले उब्रेको दिने त हो, लात पनि हान्छ, उनीहरु (माओवादी, एकीकृत समाजवादी र जसपा)ले सगौरव लात खानुपर्छ ।'

### प्रचण्ड...

उनले विद्यार्थीलाई गलत कुराको आलोचना र सही कुराको समर्थन गर्ने हिम्मत राख्न पनि सुझाए । हालै सम्पन्न भएको माओवादी केन्द्रको आठौं महाधिवेशनका निर्णय आफूले बिर्सिसकेको भन्दै शर्माले भनेका छन्, 'हुन त हामीले आठौं महाधिवेशनमा धेरै कुरा गरेका थियौं । के के गऱ्यो अहिले मलाई बिर्सिसकेको छु ।'

आफ्ना विरुद्ध कडा रुपमा प्रस्तुत भएपछि प्रचण्डले पनि शर्मालाई कार्यक्रममा जवाफ फर्काए । जनार्दनको रक्षा र विकासमा आफ्नो मुख्य भूमिका रहेको बताए । साथै महासचिव चयनप्रति संकेत गर्दै आफूले खुला छाती भएको राम्रो उत्तराधिकारी तयार बनोस् भन्ने चाहेको बताए । 'अब मेरो सपना राम्रो उत्तराधिकारी तयार होउन् । तिनले पार्टीलाई एकताबद्ध गरेर लैजाउन्, तिनले तमाम क्रान्तिकारीलाई सही स्कुलिङ गरून् । र, हाम्रो विरासत, हाम्रो क्रान्तिकारी परम्परालाई अगाडि बढाउन्, ठूलो छाती लिएर सबै अगाडि बढुन् भन्ने छ' प्रचण्डले भनेका छन् ।

### आगामी...

ओभरसिज प्रा.लि.का सञ्चालक बलबहादुर तामाङ नेपाली कांग्रेसका तर्फबाट ताप्लेजुङबाट प्रदेशसभा सदस्य उम्मेदवारमा सिफारिस भएका छन् ।

लक्की एच आर सोलुसन प्रा.लि.का सञ्चालक ऋषिप्रसाद शर्मालाई सुर्खेत निर्वाचन क्षेत्र नं. १ प्रदेश (ख) बाट नेपाली कांग्रेसले प्रदेशसभा सदस्य उम्मेदवार बनाउन सिफारिस गरेको छ । त्यस्तै युवा व्यवसायी अनिल बोगटी नेकपा एकीकृत समाजवादी पार्टीबाट संघीय सांसदका लागि समानुपातिकतर्फ सिफारिस भएका छन् ।

त्यस्तै व्यवसायी त्रिलोक विश्वकर्मा नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभाको समानुपातिक तर्फ म्याग्दी जिल्लाबाट सिफारिस भएका छन् । नेकपा एमालेका तर्फबाट ताप्लेजुङको प्रदेश निर्वाचन क्षेत्र 'ख'बाट चित्रगुप्त साँवा लिम्बू, त्रिवेणी चेम्जोङको उम्मीदवारी सिफारिश भएको छ ।

निर्वाचन आयोगले ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि २३ असोजमा उम्मेदवारको मनोनयन दर्ता हुने तालिका सार्वजनिक गरेको छ ।

### दार्चुला...

र डुङरीका सात जनाको नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयवासीले खोजी गरिरहेका छन् ।

बेपत्तामा महाकाली-३ डुङरीका धनसिंह कार्की तथा उनका छोराहरु दीपक र दिनेश तथा अन्य चारजना रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/०५/२६

यस कम्पनीको मिति २०७९/०५/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मुजफ्फर कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. १४६७६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एम. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**हरिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हरिपुर सर्लाही**
**मधेश प्रदेश नेपाल**

**आ.व. २०७९/०८० को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्वन्धि बोल-पत्र आब्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०५/२६**

हरिपुर नगरपालिका अन्तर्गत तपसिल बमोजिमका खोलाहरुको बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घनफिट) | न्युन्तम बोलपत्र रकम (VAT बाहेक) |
|---|---|---|---|---|
| १ | २/२०७९/०८० | लखनदेही खोलाको वडा नं. ८ को नहरको पुल देखि वडा नं. ९ को पिडारी सम्म । | ५५५५५६ घनफिट | २५,००,०००।०० |
| २ | ३/२०७९/०८० | झीम खोलाको उत्तरमा ABF इट्टा भट्टा उद्योगको दक्षिण खोलाको पुर्वी डिलको बाँसघारी असन्वा देखि दक्षिण मजुर्वा जाने बाटो सिमाना सम्म । | १७७७७८ घनफिट | ८,००,०००।०० |

**शर्तहरु**

१. बोलपत्र खरिद वापत ठेक्का नं. २ को हकमा रु ३०००।०० र ठेक्का नं. ३ को हकमा रु १०००।०० NIC ASIA Bank Ltd. हरिपुरमा रहेको यस कार्यालयको खाता नं. 0452050025949010 मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।
२. आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले (कबोल अंकको VAT सहितको रकमको) हुन आउने धरौटी रकम यस कार्यालयको NIC ASIA Bank Ltd. हरिपुरमा रहेको धरौटी खाता नं. 0452050025949008 मा जम्मा गरी सो को सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।
३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सवै विषयहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समयभित्र खरिद गरी ३१ औ दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ र सोही दिनको २ बजे ठेक्का खोलिनेछ ।
४. बोलपत्र सम्वन्धि सम्पूर्ण जानकारी र शर्तहरु/आवश्यक कागजातहरु हरिपुर नगरपालिकाको website: www.haripurmun.gov.np वा हरिपुर नगरपालिकाको कार्यालयको सम्पर्क नं. ०४६-४११०३१ र ९८४३४१०८१२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# फोहोर व्यवस्थापनबारे रोटरीले चलायो बहस




काठमाडौं/मस- संघीय, प्रदेश तथा स्थानीय सरकार, समुदाय र सरोकारवाला विभिन्न संघसंस्था एवम् निजी क्षेत्र समेतको हातेमालो, समन्वय र सहकार्यबाट मात्रै फोहारमैला व्यवस्थापन सम्बन्धी चुनौतिको दीर्घकालिन समाधान निस्कन सक्ने रोटरीले शनिबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमका वक्ताहरुले बताएका छन् । रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटान अन्तर्गतको आईसिएम कमिटी र वातावरण सम्बन्धी सब कमिटीको आयोजनामा संघीय राजधानी काठमाडौं लगायतका देशका अन्य ठाउँमा देखिएको फोहर व्यवस्थापनको वैज्ञानिक उपायबारेको बहसमा विज्ञ तथा सरोकारवाला निकायका प्रतिनिधिहरुले फोहोरले वातावरणमा पारेको असर र त्यसको वैज्ञानिक व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा आ आफ्नो राय व्यक्त गरेका हुन् । वातावरण संरक्षण एवम् फोहोर व्यवस्थापनका लागि आवश्यक नीतिगत परिवर्तन, नीतिमा भएका उचित व्यवस्थाको इमान्दारितापूर्वक कार्यान्वयन, नागरिकको सोच र व्यवहारमा रुपान्तरणका साथै फोहोरमैला व्यवस्थापनको प्रविधिबारे आम नागरिकमा व्यापक रुपमा ज्ञान तथा जागरण नफैल्याएसम्म फोहोरमैला व्यवस्थापनको चुनौतीको समाधान हुन नसक्ने विचार कार्यक्रममा व्यक्त गरिएको थियो ।

मूलत काठमाडौं महानगरपालिका लगायतका विभिन्न महानगर तथा नगरहरु, त्यसैगरि राष्ट्रको गौरबको रुपमा रहेको सगरमाथादेखि विभिन्न नदी किनार र डकमा सम्ममा दैनिकजसो थुप्रिने फाहोरको समस्याको दीर्घकालिन समाधानका सन्दर्भमा रोटरीको भूमिका के हुन सक्छ भन्ने बारेमा पनि छलफल गरिएको छ । कार्यक्रममा रोटरी डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानका डिस्ट्रिक्ट गभर्नर जितेन्द्र बहादुर राजभण्डारीले रोटरी इन्टरनेशनलको प्राथमिकताका सातौं विद्यामध्येको एकका रुपमा रहेको वातावरण संरक्षणका सन्दर्भमा रोटरी इन्टरनेशनलले पनि गम्भिरताका साथ हेरिरहेको बताए । रोटरी इन्टरनेशनलकी अध्यक्ष जेन्निफर जोन्सलाई उदृत गर्दै गभर्नर राजभण्डारीले रोटरीका कुनै पनि परियोजनाको कार्यान्वयनका सवालमा वातावरणीय प्रभावलाई ख्यालमा राखेर मात्र गर्न मार्गदर्शन गरेको समेत बताए ।

रोटरीले कुनैपनि तहका सरकारको नीति निर्माणका तहमा हस्तक्षेप नगर्ने तर सुझाव, सल्लाह, समन्वय र सहकार्यका लागि भने सदैव उत्साहित रहने गभर्नर राजभण्डारीको भनाइ थियो ।

राज्यले बनाएका नीति भित्र रहेर काम गर्दछौं, राज्यका निकायले सहकार्यका लागि आग्रह गरेको खण्डमा तयार रहेको गभर्नर राजभण्डारीले बताए ।

अन्तर्क्रिया कार्यक्रममा उठान भएका गम्भीर विषयबस्तुलाई कार्यक्रममा उपस्थित सबै रोटरियनहरुले आ-आफ्नो क्लबमा गएर बताउँदै फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षणबारेको बहसलाई अगाडि बढाउन समेत गभर्नर राजभण्डारीले आग्रह गरेका थिए ।

कार्यक्रममा डिस्ट्रिक्ट गभर्नर इलेक्ट राजेन्द्र ध्वजुले जागरणका कार्यक्रममा जोड दिएका थिए भने गभर्नर नोमीनी राजेन्द्रमान शेरचनले रोटरीले फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षणको बहसलाई अझ व्यापकताका साथ प्रदेश तहसम्म पुऱ्याउनुपर्ने बताए । शेरचनले प्रत्येक क्लबले अनिवार्य रुपमा वातावरण संरक्षण सम्बन्धी परियोजना गरेको खण्डमा त्यसले वातावरण संरक्षणका सवालमा योग्दान पुग्नुका साथै समुदायमा जागरणमूलक सन्देश प्रवाह हुने बताए । पूर्वडिस्ट्रिक्ट गभर्नर सञ्जय गिरीले फाहोरको व्यवस्थापनको विषय महत्वपूर्ण हुँदाहुँदै पनि फोहोर उत्पादनलाई नै कसरी निरुत्साहित गर्न सकिन्छ भन्नेतर्फको बहसपनि उत्तिकै अवश्यक भएको बताए । फोहोर व्यवस्थापनको विषय राज्यलाई गाली गर्ने मात्र भन्दा पनि प्रत्येक नागरिकले सोच्नुपर्ने विषय भएको पूर्वडिस्ट्रिक्ट गभर्नर गिरीको धारणा थियो ।

यसैगरि कार्यक्रममा मिस नेपाल अर्थ २०२२ डा. सरिसा श्रेष्ठले नेपालको हकमा फोहोर नै वातावरणीय संकटको प्रमुख कारण भएको बताइन् । फाहोर मैला व्यवस्थापनका सन्दर्भमा अज्ञानता र लापरबाही दुवै कारणले समस्या आएको श्रेष्ठको भनाइ छ । श्रेष्ठले फाहोर मैला व्यवस्थापनका सवालमा फोहोरलाई कसरी कम्पोष्ट मलमा रुपान्तरण गर्न सकिन्छ भन्ने विषयमा पनि आम नागरिकमा प्रयाप्त जानकारी नभएको उल्लेख गरिन् ।

फोहोरमैला व्यवस्थापनको कुरा गर्दा फोहोर संकलन गर्ने कामदार र फोहोर व्यवस्थापन गरिने ठाउँ वरपरका समुदायको स्वास्थ्य अवस्थाबारे पनि सरोकारवाला निकाय जिम्मेबार बन्नुपर्ने श्रेष्ठको भनाइ थियो ।

कार्यक्रममा रोटरी क्लब अफ माउन्ट एभरेष्टका पूर्वअध्यक्ष बदन न्याछोंले फोहोर मैला व्यवस्थापनका सवालमा राज्य मात्र असफल भएको नभएर प्रत्येक नागरिकले पनि आफ्नो कमजोरी स्वीकार गर्नुपर्ने उल्लेख गरे । कार्यक्रममा ब्लू वेस्ट टु भेल्यू संस्थाका सीइओ रोटरियन नबिन विकास महर्जनले फोहोरमैला व्यवस्थापनका सवालमा सबैभन्दा पहिला नीति निर्माणको तहमा बस्नेदेखि आम नागरिकसम्मले आफुमा भएको फोहोर मानसिकता त्याग्नुपर्नेमा जोड दिए ।

नीतिगत अस्पष्टता, पूर्वाधारको अभाव, मोडालिटीको सवालमा विद्यमान अन्यौलताका कारण फोहोर मैला सम्बन्धि समस्याको दीर्घकालिन समाधान निस्कन नसकेको महर्जनको भनाइ थियो ।

कार्यक्रममा शहरी विकास मन्त्रालयका सहसचिव रवीन्द्र बोहोराले फोहोरमैला सम्बन्धी ऐन २०६८ लाई संशोधनका लागि सुझाव संकलन थालिएकोले आवश्यक सुझावका लागि अपिल गरेका थिए ।

फोहोर मैला व्यवस्थापनको काम स्थानीय सरकारको भएपनि समस्याले गम्भीर रुप लिन थालेको सन्दर्भमा संघीय मन्त्रालय मुकदर्शक बन्न नमिल्ने बताउँदै समस्याको समाधानका सबै उपायबारे मन्त्रालयले विज्ञ तथा सरोकारवाला निकायसँगको परामर्शलाई तिव्रता दिइएरहेको बोहोरोको धारणा थियो । बोहोराले फोहोर व्यवस्थापनका सन्दर्भमा विकसित देशमा भइरहेको अभ्यासबारे पनि अध्ययन भइरहेको बताए । फोहोर व्यवस्थापनको दीर्घकालिन समाधानको मार्गचित्र तय गर्नका लागि संघीय सरकार छलफललाई सघन रुपमा अगाडि बढाइरहेको बताए ।

कार्यक्रममा सोलिड वेस्ट मेनेज्मेन्ट एशोसियसन अफ नेपालका अध्यक्ष धनप्रसाद आर्चायले फोहोरमैला व्यवस्थापनमा निजी संघसंस्थाको पनि महत्वपूर्ण योग्दान रहेको बताउँदै सबै तहका सरकारसँग फाहोरमैला व्यवस्थापनका सन्दर्भमा हातेमालो गर्न नीजि क्षेत्रपनि तयार रहेको बताए । कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रवक्ता नविन मानन्धरले महानगरमा फोहोर सम्बन्धी देखिएको समस्या क्रमिक रुपमा समाधान भइरहेको बताउँदै फोहोरमैलाको समस्या दोहोरिन नदिन महानगरले उचित मार्गचित्रबारे सोचिरहेको बताए ।

यसैगरि ललितपुर महानगरपालिका वातावरण शाखा प्रमुख प्रदिप आमात्यले ललितपुर महानगरले फोहोरमैला व्यवस्थापनका सन्दर्भमा चालेका जागरण लगायतका कदमबारे जानकारी गराए ।

कार्यक्रमको अध्यक्षता रोटरी डिस्ट्रिक्ट ३२९२ नेपाल भूटान आइसीएम कमिटीका चेयर सुशिल रिजालले गरेका थिए भने प्यानल डिस्कसनको सहजकर्ताका रुपमा रोटरी डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानका वातावरण सम्बन्धी सब कमिटी चेयर दिनेश मानन्धरले गरेका थिए । अन्तर्क्रिया कार्यक्रमको १४ रोटरी क्लवले होस्ट गरेका थिए । कार्यक्रमको सञ्चालन रोटरी क्लव अफ माउन्ट एभरेष्ट ललितपुरका अध्यक्ष योगेश शाक्यले गरेका थिए ।

# गाउँपालिका अध्यक्षद्वारा छड्के



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ भदौ

यमुनामाई गाउँपालिका अध्यक्ष महमद साउदले कार्यालयमा छड्के चेकिङ गरेका छन् ।

कर्मचारीहरु गाउँपालिकामा हाजिर नभइ आफ्नो घरयासी काममा व्यस्त हुने गरेको जनगुनासो बढेपछि गाउँपालिकाले अध्यक्ष साउदले छड्के चेकिङ गरेका हुन् ।

छड्केमा एक दर्जन भन्दा बढी कर्मचारी अनुपस्थित भएको पाइएको अध्यक्ष साउदले जानकारी दिए ।

बिना जानकारी अनुपस्थित हुने कर्मचारीहरुमा कार्यालय सहयोगी रामकृष्ण झा ४२ दिन, संजय जयसवाल ९ दिन, नन्द किशोर साह ४ दिन, धर्मेन्द्र यादव ४ दिन, जितेन्द्र प्रसाद ३ दिन, हृदय नारायण यादव २ दिन, देवेन्द्र कुशवाहा १ दिन, राम अधार यादव १ दिन, मनिसा चौधरी १ दिन, रमन शाह १ दिन, मुकेश यादव १ दिन, सिमा पटेल १ दिन, किरण शाह १ दिन, उमाशंकर एक/एक दिन अनुपस्थित रहेको गाउँपालिका अध्यक्ष साउदले बताएका छन् ।

अनुपस्थित हुने कर्मचारीको हाजिरमा अनुपस्थित जनाइ कारबाही प्रक्रिया अगाडि बढाइएको उनले बताए ।

विगतका वर्षदेखि कर्मचारीहरु गाउँपालिकामा हाजिर नभइ आफ्नो घरयासी काममा व्यस्त हुँदै आएको गुनासो बढेसँगै अध्यक्ष साउदले निमित्त प्रशासकीय अधिकृत राम श्रेष्ठ राय यादवलाई कारबाही प्रक्रिया अगाडि बढाउन निर्देशन दिएका थिए ।

# बाँकेमा गजल गोष्ठी



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २५ भदौ

बाँकेको नेपालगन्जमा उर्दू साहित्यकारहरुको साहित्यिक संगठन गुल्जार-ए- अदब बाँकेले आफ्नो मासिक गजल गोष्ठी सम्पन्न गरेको छ। शनिबार महेन्द्र पुस्तकालयको सभाहलमा भएको गोष्ठीमा उर्दू साहित्यकारहरुले आ-आफ्ना गजल बाचन गरेका थिए ।

गुलजार-ए-अदब बाँकेको आयोजनामा भएको गजल गोष्ठीमा उर्दू साहित्यकार तथा अदबका अध्यक्ष हाजी अव्दुल लतीफ शौक, आदिल सर्वर नेपाली, सैयुयद असफाक रसूल हाशमी, अदबका सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी, जमील अहमद हाशमी, मेराज अहमद हिमालय, जावेद शेष पुरी साहेब, कृष्णमुरारी प्रसाद भट्ट, शारुक कुरैशी, रासिद कुरैशी लगायतले 'इस जश्ने चरागों में खूं दिल का जलाना है' मिसरामा साहित्यकारहरुले आ-आफना गजल वाचन गरेका थिए। यसरी अदबले हरेक महिनाको अन्तिम शनिबारका दिन यस किसिमको गजल गोष्ठी गर्दै आएका छन् ।

# १५० विद्यार्थीलाई झोला वितरण

**अजय मिश्र/मध्यान्ह**
चन्द्रौटा, २५ भदौ



हेरा शैक्षिक तथा मानवीय सेवा समाजले १५० विद्यार्थीलाई झोला तथा प्रमाणपत्र वितरण गरेको छ। कपिलवस्तुको कृष्णनगर नगरपालिकामा रहेको सिराजुल उलुम मदरसामा अध्ययनरत १५० विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो ।

नगरपालिका वडा नं ३ मा रहेको सिराजुल उलुम मदरसाको हलमा स्लामिक धर्मको ज्ञान दिने, शैक्षिक प्रशिक्षण तथा अरबी भाषामा निपूर्णताका लागि सेप्टेम्बर ५ देखि ८ सम्म विद्यार्थीलाई प्रशिक्षण समेत गराइएको छ । प्रशिक्षण कार्यक्रममा विभिन्न वक्ताहरूले मदरसाका विद्यार्थीहरूलाई विभिन्न विषयमा प्रकाश पारेका थिए ।

बिहीबार भएको समापन कार्यक्रमको प्रमुख अतिथि जामिया सिराजुल उलुम मदरसाका अध्यक्ष समिम अहमद नदवी रहेका थिए । उनले शैक्षिक तथा धार्मिक क्षेत्रमा गरेको योगदानको कदर स्वरूप हेरा शैक्षिक तथा मानवीय सेवा समाजले सम्मान समेत प्रदान गरेको छ । नदवीले मदरसाका विद्यार्थीलाई झोला तथा प्रमाणपत्र वितरण गरिएको समाजले जनाएको छ ।

लुम्बिनी प्रदेश मदरसा बोर्डका उपाध्यक्ष तथा जामिया सिराजुल उलुमका प्रवक्ता मौलाना मशहुद खां नेपालीले समाजले नेपाल भित्र शिक्षा, स्वास्थ्य तथा रोजगारको क्षेत्रमा लामो समयदेखी काम गर्दै आएको बताए ।

गरिब परिवारमा खाद्यान्न वितरण, विद्यार्थीहरूलाई शैक्षिक सामग्री लगायत अन्य सहयोग गर्दै अएको समाजका अध्यक्ष शैख जैस मक्कीले बताए । कार्यक्रममा शैख अब्दुल रशिद मदनी, अरशद राशिद मक्की, इरसाद रशिद मक्की, खालिद रशीद सिराजी, अबरार अहमद मक्की, मदरसा खदिजुल कुबराका अध्यक्ष मौलाना अब्दुल अजिम मदनीले विद्यार्थीहरूको उज्जवल भविस्यको कामना गर्दै आ-आफ्नो मन्तव्य दिएका थिए ।

## प्रवास डायरी ▶ तिलु शर्मा पौडेल/मध्यान्ह

### अर्घाखाँची सेवा समाज कतारको अध्यक्षमा कुँवर

अर्घाखाँची सेवा समाज कतारको पाँचौं अधिवेशन सम्पन्न भएको छ । समाजका अध्यक्ष टेकराज थापाको सभापतित्व तथा नेपालीराज दूतावास दोहा कतारका श्रम सहचारी कृष्ण प्रसाद खनालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको अधिवेशनले विष्णु बहादुर कुँवरको अध्यक्षतामा निर्विरोध नयाँ कार्यसमिति चयन गरेको छ ।

कार्यसमितिको प्रथम उपाध्यक्षमा बलाराम पाण्डे, द्वितीय उपाध्यक्षमा नेत्र प्रसाद आचार्य, महासचिवमा अनिल सुनार, सचिवमा तिलक घिमिरे, कोषाध्यक्षमा शोभाखर भुसाल, सह-कोषाध्यक्षमा कृष्ण बस्नेतलाई चयन गरिएको छ ।

त्यसै गरी कार्यसमितिका सदस्यहरूमा अनमोल परियार, शोभाखर क्षेत्री, परशुराम बेल्बासे, नारायण घिमिरे, गणेश गैरे, गोपाल बेल्बासे, जनक खड्का, बाबुराम खड्का, तिलक राम भुसाल, मधु अधिकारी रहेका छन्। नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक केदार भुसालले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि खनालले आफू पनि अर्घाखाँचीकै भएको, कतारमा नियोगमा रहेर कार्यसम्पादन गरी रहँदा र घरकै कार्यक्रममा जोडिन पाउँदा खुशी लागेको प्रतिक्रिया दिए । उनले कतार कर्मथलो भएको बताउँदै काम गर्दै समाजसेवा गर्नु आफैमा चुनौती र पुण्यको काम रहेको बताए। अधिवेशनमा एनआरएनए आइसिसीका विभिन्न तह तप्काका पदाधिकारीहरू, एनआरएनए एनसिसी, कतारमा स्थापित विभिन्न वैचारिक सङ्घ संस्था, सामाजिक, सामुदायिक, जातीय संस्थाका प्रमुख तथा प्रतिनिधि, सामाजिक अभियन्ता, बुद्धिजीवी लगायत थुप्रै जिल्लावासीहरूको उपस्थिति रहेको थियो । खुल्ला सत्रमा नेपाली दूतावास कतारका द्वितीय सचिव प्रवीण भट्टराई एनआरएनए आइसिसीका विभिन्न पदाधिकारी, विभिन्न वैचारिक सङ्गठन प्रमुख, एनआरएनए एनसिसि कतारका अध्यक्षलगायत थुप्रैले शुभकामना मन्तव्य राखेका थिए ।

समाजले प्रमुख अतिथि, विशिष्ट व्यक्तित्वहरू, विभिन्न सहयोगी संस्थाहरूलाई सम्मानसमेत गरेको थियो। अधिवेशनमा सन्ध्या अर्यालले स्वागत नृत्य प्रस्तुत गरेकी थिइन् । उपस्थितलाई आफ्नो प्रस्तुति मार्फत मनोरञ्जन प्रदान गर्ने कलाकारहरू शान्ति ओली, रेबीका तामाङ र सुरेश बिसीलाई नगदसहित सम्मान गरिएको थियो । मध्यान्हकर्मी तिलु शर्मा पौडेलसहित कतारमा रहेका थुप्रै पत्रकारहरू सम्मानित भएका थिए ।

अधिवेशनको खुल्ला सत्रको समापन गर्दै सभापति थापाले आफ्नो कार्यकाल भरी संस्थागत सहयोग, सहकार्य गर्ने, आफूलाई मार्ग निर्देशन गर्ने र अधिवेशन सम्पन्न गर्ने अवधीसम्म सहयोग गर्ने सबैलाई धन्यवाद गरेको थिए । प्रथम उपाध्यक्ष विष्णु बहादुर कुँवरले स्वागत मन्तव्य राखेको अधिवेशनको खुल्ला सत्रलाई महासचिव बालाराम पाण्डे र सचिव अनिल परियारले सहजीकरण गरेका थिए। परियारले समाजले गरेका कार्यप्रगती विवरणसमेत पेश गरेका थिए ।

### हेल्प मधेसी कतार च्याप्टरद्वारा वृहत् रक्तदान कार्यक्रम सम्पन्न




हेल्प मधेसी कतारको आयोजनामा वृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कतारको सरकारी अस्पताल हमदको रक्त सङ्कलन केन्द्रको परिसरमा ब्लड डोनर सेन्टरसँगको सहकार्यमा कार्यक्रम सम्पन्न भएको हो । च्याप्टरका अध्यक्ष रामकुमार यादवको अध्यक्षता भएको सो कार्यक्रममा नेपाली राजदूतावास कतारका द्वितीय सचिव प्रवीण भट्टराईको प्रमुख आतिथी रहेको थियो ।

हेल्प मधेसी अन्तर्राष्ट्रिय कमिटीका अध्यक्ष पवन ठाकुर सहित १ सय ७० पटक भन्दा बढी रक्तदान गरिसकेका अन्तर्राष्ट्रिय नेपाली रक्तदाता संघका अध्यक्ष अजय लम्सालको विशेष उपस्थिति रहेको थियो । २ सय ८० जनाको वृहत् उपस्थिति रहेको रक्तदान कार्यक्रममा अस्पतालको स्वास्थ्य मापदण्ड अनुसार २ सय २ जनाले रक्तदान गरेका संस्थाका सल्लाहकार मनिष यादवले मध्यान्हलाई जानकारी दिए । नेपाली समुदायबाट अहिलेसम्मकै उच्च संख्यामा रक्तदान गरिएको हो ।

रक्तदान जस्तो पुण्यको कार्यमा सरिक दाताहरूलाई संस्थाको तर्फबाट प्रशंसा पत्र प्रदान गर्दै अध्यक्ष यादवले धन्यवाद तथा आभार प्रकट गरेका थिए ।

**साउदीमा रोजगार** | कम्पनी: Operation Dimensions Corporation for Operation and Maintenance
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०५/२३ चलानी नं.: ६०१८७३५९ LT. No.: 271582

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Hospitality Worker | 16 | 0 | स. काममा दक्ष | 1200 | ४०,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज २ गते (18 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Sinamangal-09, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ भदौ २०७९, आइतबार
11 September 2022, Sunday

## सम्पादकीय

### सफा रहोस् न्यायालय

न्याय परिषद्ले उच्च अदालतमा २७ जना न्यायाधीश नियुक्तिका लागि 'सर्ट लिस्ट' तयार पारेको छ । तर, न्यायाधीशका लागि तयार सर्ट लिस्टमा राजनीतिक दलका कार्यकर्ता, मन्त्रीका साथीदेखि निवेदन नै नदिएकासम्म परेको टिप्पणीले प्रश्न उब्जाएको छ । गत साउन १० गते उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको इच्छुक व्यक्तिले न्यायाधीश नियुक्तिको प्रक्रियासम्बन्धी निर्देशिका, २०७९ बमोजिम आवेदन मागिएको थियो । जसअनुसार २७७ जनाले आवेदन दिएका थिए । जसमध्ये ८१ जनाको नाम सर्ट लिस्ट गरी न्याय परिषद्ले सार्वजनिक गरेको छ । ३८ जना जिल्ला न्यायाधीश, २५ जना कानून व्यवसायी, ७ जना न्याय प्रशासनका कर्मचारी, ७ जना सरकारी वकिल, कानून समूहका ४ जना कर्मचारीको नामसहित सूची सार्वजनिक भएको छ । जहाँ दलगत भागबन्डा तथा भनसुनमा रहेको बताइन्छ ।

न्यायाधीश नियुक्तिलाई पारदर्शी बनाउने निर्देशिका नै बनाइएको छ । निर्देशिकामा आवेदन माग गर्ने, आवेदनमा के कस्ता विषय उल्लेख गर्नुपर्ने हो खुलाउने, प्रक्रिया पूरा गरी आएका आवेदनउपर अध्ययन गर्ने र सर्ट लिस्ट सार्वजनिक गर्ने जस्ता प्रक्रियागत विषयहरू छन् । यदि दलगत भागबन्डा तथा भनसुनमा न्यायाधीश नियुक्त गरियो भने प्रक्रियामा त प्रश्न उठ्ने नै छ । यस्तो प्रवृत्तिले प्रश्रय पायो भने न्यायालयबाट दलगत स्वार्थमा फैसलाहरू नहोलान् भन्न सकिन्न । परिणाममा न्यायलयबाटै अन्याय हुने वातावरण बन्न सक्छ । अहिले पनि कतिपय सन्दर्भमा कतिपयले न्यायलयबाट अन्याय भएको टिप्पणी गर्ने गर्दछन् । न्यायाधीशको विवेकमाथि प्रश्न गर्न नपाइने जस्ता प्रावधान न्यायालयप्रतिको उच्च विश्वासका साथ राखिएको हो । यसैमा प्रश्न उठ्ने गरी फैसला नहोस् भन्नका निम्ति न्यायाधीश नियुक्तिको प्रक्रियादेखि नै विशेष सावधानी अपनाउनुपर्ने हुन्छ ।

सामान्यतया अन्यायमा परेको महसुस भएपछि न्यायालय जाने हो । न्यायाधीशलाई निष्पक्ष व्यक्तिको रूपमा चिनिन्छ । जो कसैप्रति आग्रह र पूर्वाग्रह नभएको हुन्छ र हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता छ । यो मान्यता र विश्वासलाई अटुट राख्नु सम्बद्ध सबै पक्ष र सरोकारवालाहरूको दायित्व र कर्तव्य दुबै हो । यसमाथि आँच आउन नदिनु राजनीतिक दल र तिनका नेताहरूको पनि कर्तव्य हो । जसले समाजमा अन्यायमा परेकाले न्याय पाउँछ भन्ने विश्वास मात्रै दिलाउँदैन, सोही अनुसार कार्य हुन्छ र सभ्य र सुसंस्कृत समाज निर्माण हुन्छ । दलहरूले भन्दै आएको समुन्त समाज, समृद्ध नेपाल वा नेपाल समाजवादमा पुग्दा हुने नेपाली समाजमा समानताको समाज हो । जहाँ कोही अन्यायमा पर्दैन, अन्यायमा पर्न खोजे न्यायलयले न्याय दिलाउँछ ।

# कम्युनिष्ट आन्दोलनले छाडेको पथ

*कम्युनिष्ट आन्दोलनको लक्ष्य जनएकता, देशभक्ति र विकास हो । उनीहरू यस कुरामा अडिन सकेको खण्डमा अन्य विचारधारा भएकाहरूलाई पनि परास्त गरेर कम्युनिष्ट शासन व्यवस्थाको स्थापना गर्न सकिन्छ । तर, संसदीय राजनीतिमा लागेका धेरै कम्युनिष्ट पार्टीहरू उपरोक्त कुराको ठीक विपरित देखिएका छन् ।*

अग्रलेख




● डा. केशव देवकोटा

कम्युनिष्टहरुको विचारधारालाई निर्देशित गर्ने मूल सैद्धान्तिक आधार मार्क्सवाद र लेनिनवाद हो । जसले संसारलाई अलौकिक नभई वस्तु तथ्यका आधारमा व्याख्या र विश्लेषण गर्न सिकाएको छ । तर, वैज्ञानिक तथ्यसँग जोडिएको कम्युनिष्ट आन्दोलन यतिबेला विश्वमै रक्षात्मक अवस्थामा पुगेको छ । आज विश्वमा पाँच वटा देशमा मात्र कम्युनिष्ट पार्टीले शासन गरेका छन् । विश्वका प्रायः सबै देशमा कम्युनिष्ट पार्टीहरु रहेका छन् तर, उनीहरुको विकास सत्ता कब्जा गर्ने गरी हुन सकिरहेको छैन । कतिपय देशको शासन सत्तामा कम्युनिष्ट पार्टीहरु पुगे पनि उनीहरु देश र जनताका लागि नभएर आफ्नै निहित स्वार्थका लागि शासन सत्ताको उपयोग गरिरहेको देखिएको छ । प्रायमा संसदीय राजनीति र अन्तराष्ट्रिय शक्तिकेन्द्रतर्फ आकर्षण बढेको देखिन्छ । अन्तराष्ट्रिय मान्यता नै हो कि कम्युनिष्टहरु देशभक्त हुनै पर्दछ । देशभक्तिबाट बिचलित कम्युनिष्ट नेताहरुले देश र जनतालाई मात्र होइन आफ्नै पार्टीलाई समेत दुर्घटनामा पारेको र कतिपय अवस्थामा पार्टीलाई विघटनमा पुऱ्याएको देखिएको छ ।

इतिहासलाई हेर्ने हो भने विशाल चीनलाई मुक्त गराउने माओत्सेतुङ युवावस्थादेखि नै अत्यन्त देशभक्त हुनुहुन्थ्यो । उहाँ सन् १९१९-२० तिर मार्क्सवाद-लेनिनवादप्रति आकर्षित हुनुभएको हो । उहाँलाई आफ्नो देशभक्तिपूर्ण भावनाले गर्दा नै राष्ट्रियरूपमा सामन्तवाद र अन्तर्राष्ट्रियरूपमा पश्चिमा र साम्राज्यवाद विरोधी बनाएको पाइन्छ । देशभक्तिपूर्ण भावनाकै कारण माओका राजनीतिक विचारहरु विस्तारै बलियो हुँदै गएको र उहाँले विशाल चीनलाई मुक्त गर्न सकेको देखिएको छ । उहाँले शुरुदेखिनै पार्टीमा अवसरवादी चरित्र र गतिविधिहरुलाई निषेध गर्नुभएको देखिएको छ । माओले शुरुदेखि नै किसानहरुलाई क्रान्तिकारी बनाउन र सर्वहारा बर्गका प्रयासहरुलाई समर्थन गर्न अभ्यस्त गराउनु भएको देखिएको छ । नेपालमा पनि हाल औद्योगिक मजदूरहरको कमी रहेको र कृषि मजदूर तथा सकुम्बासीहरुको संख्या बढिरहेका कारण नेपालका कम्युनिष्ट पार्टीहरुले आफूहरुलाई कृषि पेशा र किसानहरुमा आधारित गराउनु उपयुक्त हुने देखिन्छ ।

माओले आफ्नो क्रान्तिलाई बिस्तारै चीनका करोडौं किसानहरुको शक्तिमा आधारित बनाउनु भएको पाइन्छ । किनकि उनीहरु नै सबैभन्दा बढी समस्याग्रस्त र राज्य पक्षबाट प्रताडित रहेका थिए । त्यसैले माओले उनीहरुमा सम्भावित ऊर्जा देख्नुभएको थियो । जसले गर्दा माओले किसानहरुमा नै सर्वहारा चेतना जगाउने र क्रान्तिका लागि उनीहरुको शक्ति प्रयोग गर्ने भूमिका निर्वाह गर्नुभएको थियो । यस क्रममा माओले सन् १९४० मै किसानहरुलाई सर्वहाराकरण गरेको देखिएको छ । जसले चिनियाँ क्रान्तिमा ठूलो योगदान गरेको थियो । सन् १९४९ मा चिनियाँ कम्युनिष्ट राज्यको निर्माणपछि, माओले समाजवाद निर्माणको स्टालिनवादी मोडेल अपनाउने प्रयास गर्नुभएको थियो । जुन बल र धक्कामा आधारित थियो । तर, सन् १९५० को दशकको मध्यमा उहाँका सल्लाहकारहरुले सो नीति सही नभएको सल्लाह दिएका थिए । परिणामहरुले माओलाई पनि उपरोक्त कुराको बोध भएको थियो । कठोर कम्युनिष्ट पार्टीको विकास असम्भव ठहर गरिएको थियो । औद्योगिक विकास भएका कारण सोभियत संघमा स्टालिन शैली स्वीकार गरिए पनि चीनमा त्यो स्वीकार्य हुन सकेन । सन् १९५५ मा माओले कृषि सामूहिकीकरणको प्रक्रियालाई तीव्रता दिनुभएको थियो । त्यसपछि चीनमा परम्परागत पञ्चवर्षीय योजनाहरुमा परिमार्जन र चीनभरि साना उद्योगहरुको विकास सम्भव भएको थियो ।

शहरी मजदूरहरु पनि कृषि श्रममार्फत् किसानसँग जोडिन पुगेका थिए । माओले चीनमा क्रान्तिकारी उत्साह जगाउन र जनसंघर्षलाई नै मुख्यरूपले अगाडि बढाउन सकेका कारण कम्युनिष्ट पार्टी स्थापनाको छोटो अवधीमै सफलता र त्यसपछि देशको समग्र विकास संभव भएको थियो । सन् १९८० पछि पनि माओका प्रतिस्थापनहरुलाई नै समयसापेक्ष सुधार गर्दै अगाडि बढाइएका कारण चीन हालको अवस्थामा पुगेको देखिएको छ । सन् १९२२ देखि १९९१ सम्म पूर्वी युरोप, एशिया र



*एकातिर कम्युनिष्ट भन्ने अर्कोतिर कम्युनिष्टका सम्पूर्ण मूल्य मान्यतालाई बेचेर खाने अवस्था अहिलेका कम्युनिष्टमा देखिएको छ । छद्म कम्युनिष्टहरुको कारण आज कम्युनिष्ट आन्दोलनप्रति अविश्वास मात्रै होइन वितृष्णासमेत देखिन्छ । यसलाई बदल्न वास्तविक कम्युनिष्टहरुले पहल लिन जरुरी छ ।*

अफ्रिकामा धेरै कम्युनिष्ट पार्टीहरु अग्रसर भएको देखिए पनि जो जसले मार्क्सवाद, लेनिनवादलाई आफ्नो देशको हावापानी र माटो सुहाउँदो (ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा) रूपमा अगाडि बढाउन सके, उनीहरु मात्र दीर्घकालीनरूपमा अगाडि बढ्न सकेको देखिएको छ ।

सन् १९४९ पछि चीनको कम्युनिष्ट पार्टीले देशको हर क्षेत्रमा यस्तो पकड कायम गऱ्यो कि त्यसपछि विश्वमै चीनलाई रेड चाइना समेत भन्न थालिएको थियो । यसरी अगाडि बढेको चीनले सन् २००४ पछि निजी सम्पत्तिलाई मान्यता दिनुका साथै राजनीतिमा समेत द्वैध नीतिको अवधारणा अगाडि ल्याएको हो । हाल चीनमा अन्य राजनीतिक पार्टीहरु रहे पनि राज्य सञ्चालनमा चिनियाँ कम्युनिष्ट पार्टीको पकड कायमै रहेको छ । जहाँ हालसम्म पनि स्वदेशी उन्नति, प्रगति र आत्मनिर्भरतालाई प्रोत्साहन र विदेशी हस्तक्षेप, अन्तर्राष्ट्रिय ऋण तथा सहयोग र परनिर्भरतालाई निरुत्साहित र निषेध गरिएको छ । त्यसैगरी क्युबामा सन् १९५३ मा भएको क्रान्तिले फिडेल क्यास्ट्रोलाई सफलतामा पुऱ्याएको थियो । सन् १९६५ सम्ममा क्युबा एक पूर्ण कम्युनिष्ट देश भई सोभियत संघसँग घनिष्ठ सम्बन्ध विकास गर्न अग्रसर भएको थियो । त्यतिबेला नै अमेरिकाले क्युबालाई विभिन्न किसिमका प्रतिबन्धहरु लगाएर हतोत्साहितगर्ने प्रयास गरेको थियो । तर, क्युबाले पनि आफूलाई कम्युनिष्ट शासन व्यवस्थामा टिकाउन सफलता प्राप्त गऱ्यो । सन् २०१६ मा फिडेल क्याष्ट्रोको निधन हुँदासम्म क्युबाले आफूलाई कम्युनिष्ट राष्ट्रकारूपमा स्थापित गरिसकेको थियो । त्यसैगरी, उत्तर कोरिया सन् १९४५ सम्म कम्युनिष्ट देश बन्न सकेको थिएन । जब दक्षिण कोरियाले उत्तरबाट आफ्नो स्वतन्त्रता घोषणा गऱ्यो, त्यसलगत्तै उत्तर कोरियाले पनि आफू सार्वभौम भएको घोषणा गरेको थियो । किम इल-सुङ नयाँ राष्ट्रको नेताकारूपमा स्थापित हुनुभएको थियो । उहाँले मार्क्सवाद, लेनिनवादमा आधारित आफ्नो देश सुहाउँदो जुचे (आत्मनिर्भरता) को अवधारणामा आधारित व्यवस्थाको स्थापना गर्नुभयो । जसलाई सन् १९७० को दशकमा आधिकारिक राज्य नीति बनाइएको थियो । त्यसैका आधारमा उत्तर कोरिया आजसम्म विश्व शक्तिका सामु शिर ठाडो पारेर टिकेको छ । त्यसैगरी सन् १९७५ मा कम्युनिष्ट देश भएको लाओसको पनि आफ्नै विशेषता रहेको छ । सन् १९७६ मा कम्युनिष्ट देशकारूपमा स्थापित भियतनामले पनि मार्क्सवाद, लेनिनवादको आलोकमा आफ्नै विशेषताको राज्य व्यवस्था अंगालेको पाइन्छ । आज पनि विश्वका विभिन्न मुलुकमा कम्युनिष्टरु सत्तामा पुगेका छन् । तर, उनीहरुले कम्युनिष्टहरुको राज्यसत्ता स्थापना गर्न सकेका छैनन् ।

कम्युनिष्ट आन्दोलनको लक्ष्य जनएकता, देशभक्ति र विकास हो । उनीहरु यस कुरामा अडिन सकेको खण्डमा अन्य विचारधारा भएकाहरुलाई पनि परास्त गरेर कम्युनिष्ट शासन व्यवस्थाको स्थापना गर्न सकिन्छ । तर, संसदीय राजनीतिमा लागेका धेरै कम्युनिष्ट पार्टीहरु उपरोक्त कुराको ठीक विपरित देखिएका छन् । अन्ततः उनीहरुको पतन पनि भएको छ । कतिपय देशहरुमा त उग्र कम्युनिष्ट विचार राख्नेहरु अन्ततः दक्षिणपन्थी भाषमा परेका छन् । नेपालमा पनि ०४६ को राजनीतिक परिवर्तनपछि देखिएको कम्युनिष्ट पार्टीहरुको रक्षात्मक अवस्था पतनको बाटोमा अगाडि बढेको छ । जसका लागि अब पुनर्गठन र पुनर्विचार जरुरी छ । यतिबेलाको अवस्थामा भन्ने हो भने नेपालका धेरै कम्युनिष्ट पार्टी नाम मात्रका भएका छन् । उनीहरुले मार्क्सवाद लेनिनवादमा आधारित नेपालीपनको कम्युनिष्ट राजनीतिको संयोजन नै गर्न सकिरहेका छैनन् । माओवादको शब्दावली प्रयोग गर्नेहरुले त्यस अनुरूपको आचरण गर्न नसकेपछि आज जनतामा बिभिन्न किसिमका भ्रमहरुको सिर्जना भएको देखिएको छ । आज पनि चीनमा माओवादले मान्यता पाएको छैन बरु यसअघि प्रचलनमा रहेको माओ विचारधारलाई समयसापेक्ष बनाएर प्रयोगमा ल्याइएको देखिन्छ ।

नेपालका कम्युनिष्ट पार्टीहरु देशीयरूपमा नेपाली कांग्रेससँग सहकार्यमा रहेका छन् भने अन्तर्राष्ट्रिय रूपमा साम्राज्यवादलाई आमन्त्रण गरेको देखिएको छ । निरुद्देश्य देशका नाममा जति पनि ऋण र सहयोगहरु लिने काम भएका छन् । देश निरन्तर पराधिन बन्दै गएको छ । कम्युनिष्ट पार्टीहरुका बीचमा बेमेलको अवस्था सिर्जना गरिएको छ । कम्युनिष्ट पार्टीका विश्वव्यापी मूल्य, मान्यता र आदर्शहरुका बारेमा छलफलसमेत हुन छाडेका छन् । अबका दिनमा नेपालका साँचो कम्युनिष्टहरुले एकसाथ देशीय सामन्तवाद र तिनका दलालहरु, छद्मभेषी कम्युनिष्टहरु र बाह्य शक्तिका दलालविरुद्ध आफ्नो संघर्षलाई केन्द्रीत गर्नुपर्ने भएको छ । संसदीय कुरुप व्यवस्थालाई अन्त्य गरी साँचो अर्थमा समाजवादी व्यवस्थाको स्थापना अहिलेको तात्कालिन आवश्यकता हो । सही कम्युनिष्टहरु उल्लेखित उद्देश्य प्राप्तिका लागि निहीत स्वार्थबाट माथि उठ्नुपर्छ । एकातिर कम्युनिष्ट भन्ने अर्कोतिर कम्युनिष्ट सम्पूर्ण मूल्य मान्यतालाई बेचेर खाने अवस्था अहिलेका कम्युनिष्टमा देखिएको छ । छद्म कम्युनिष्टहरुको कारण आज कम्युनिष्ट आन्दोलनप्रति अविश्वास मात्रै होइन वितृष्णासमेत देखिन्छ । यसलाई बदल्न वास्तविक कम्युनिष्टहरुले पहल लिन जरुरी छ ।

## सामाजिक सञ्जाल



- ओमकुमार थापा

तन, मन र धन मिलुन्जेल मोजमस्ती हुने जब, खटपट सुरू हुन्छ अनि बलात्कार हुने ! यो फण्डा विचारणीय छ । वास्तविक बलात्कार हुँदा पीडितले पक्कै पनि प्रतिकार अवश्य गर्छ । चिथोरा चिथोर होला, नङ्गाएको प्रमाण रहला, कपडा चातिएला, घाउ चोट होला, तुरून्तै उजुरबाजुर होला ! कानुनको दुरूपयोग नहोस् ।



- राधाकृष्ण कटवाल

बलात्कार आफैमा बलात्कार हो, यसलाई उमेरसँग तुलना गर्न मिल्दैन । बरू दोष कानुनी व्यवस्थाको हो । वैवाहिक बलात्कार हुने देशमा अन्यलाई वैधानिक सम्बन्ध भन्न मिल्दैन । बरू वैवाहिक बलात्कारलाई संशोधन गरि घरेलु हिंसामा कारबाही गरौं । पति पत्नी बाहेकका शारीरिक सम्बन्धलाई बलात्कार कायम गरौं ।



- बसन्त गौतम

विवाहको उमेर घटाउनुपर्छ वा नाबालिगको परिभाषालाई सोह्र वर्षमा झार्नुपर्छ भन्नेहरू कि बलात्कारी हुन्, कि बलात्कारीका मतियार हुन् । यिनीहरू महिला शरीरलाई मासुको डल्लोबाहेक बढी नठान्ने मानसिक विकारले ग्रस्त हुन्छन् । उनीहरूलाई थाहा छैन, १६ वर्षमै आमा बन्दा महिलाको शरीर के हन्छ ?



- मञ्जरी क्षेत्री

रियल अनि दर्दनाक बलत्कार भनेको निर्मला पन्तको जस्तो बलात्कारलाई भनिन्छ । अहिले मार्केटमा चर्चा परिचर्चा भए जस्तो बलात्कारलाई के बलात्कार भन्ने ? यस्ता स्वार्थ जोडिएका बलात्कार केबल एक पागलपन, बेहोसी, नसा, मनोनशा अनि उमेरको उन्माद मात्रै हो । खास न्याय पाउन पर्ने चै कस्ले हो ?



- मोतिराज गौतम

सन्दीप लामिछानेले बलात्कार गरे भन्ने कुरो खुब उचालिएको छ । सन्दीप दोषी नै हुन्, नाबालिग भनिएकी कन्या को हुन् ? उनले सन्दीपसँग किन साथी माध्यमबाट सम्बन्ध बढाइन् ? एक महिनासम्म घुमफिर किन गरिन् ? बहादुर कन्याको नाम पनि सार्वजनिक होस् । ती बाबु–आमा जसले रातविरात नाबालिग छोरीलाई किन स्वतन्त्र छोडे ? बाहिर आओस् ।

# कम्युनिष्ट आन्दोलनप्रतिको अपेक्षा

टिप्पणी



● लेखराज रेग्मी

पहिलेदेखि नै बहसमा आएको कुरा हो, अग्रगमनका एजेण्डासँग सधैं पश्चगमनका एजेण्डाको छिनाझप्टी भइरहन्छ । जनयुद्धको घोषणासँगै यथास्थितिवादीहरुको पश्चगमनकारीहरुको मोर्चा बन्न थालेको हो । युद्धको विस्तारसँगै बाह्य शक्तिको पनि नेपाल नीति बन्ने विकसित हुने र फेरिँदै जाने प्रक्रिया चलेको हो । अमेरिकाले नेपाल मामलामा चीनको भूमिकालाई अध्ययन गरिरहेको थियो ।

भारत नेपाललगायत कतिपय देशमा आर.सि.पि. अमेरिका र रिमको भूमिकामा पनि प्रश्न उठाइरहेका थिए । हामी कम्युनिष्ट आन्दोलनको विकल्पमा ल्याइएको साम्राज्यवादी जालोभित्रको पहिचान आन्दोलन सामाजिक विभाजनको मन्द बिषको बेवास्ता गर्दै ग्रहण गर्न प्रतिष्पर्धा गरिरह्यौं । आइएलओ अभिसन्धीको कसरी साम्राज्यवादीहरु दुरूपयोग गर्दैछन् भन्ने हेक्का रहेन र हामी यसलाई मजदुर आन्दोलनको ठूलो उपलब्धीको रूपमा लिई नै रह्यौं । यसरी कम्युनिष्ट आन्दोलन चालै नपाई दक्षिणपन्थमा फेरिँदै गरेको थाहा नै भएन ।

सबैभन्दा बढी यस्तो जालोमा मदन भण्डारीको मृत्युसँगै एमाले फस्न थाल्यो । खाराको पराजय पछिको स्थिति, दरबारसँगका वार्ता, चीनप्रतिको दृष्टिकोणमा व्यवहारिक परिवर्तन यी सबै विषयहरुलाई एउटै डालोमा राखेर मुल्यांकन गरिरहेका साम्राज्यवादी शक्तिहरुसँग उनका विविध चालसँग कम र सरकारलाई युद्धमा प्राप्त अमेरिकी सहयोग र सहकार्यमा हाम्रो ध्यान बढी गयो । रिमले जनयुद्धको ताकतलाई विभाजन गर्न खेलेका पछिल्ला प्रयत्नहरुलाई हामीले दृष्टिकोण र सिद्धान्तको

*संयमित र सन्तुलित ढंगले कम्युनिष्ट आन्दोलनको पुनर्स्थापिना र विचारधाराको रक्षा आजको आवश्यकता हो । जसतर्फ प्रगतिशील कम्युनिष्ट शक्तिले पहल लिन आवश्यक छ । कम्युनिष्ट शक्तिले राष्ट्रियता र जनजिवीकालाई केन्द्रमा राखेर मात्रै बाँकी विषयमा अगाडि बढ्नुपर्छ ।*

आधारमा उत्तरित गर्न सकेनौ । प्रचण्डका पछिल्ला स्विकारोक्तिमा यसको झल्को पाइन्छ ।

वास्तवमा साम्राज्यवादी शक्तिहरु राजा र नेकाको सहकार्य स्थापित गरेर चीनलाई नेपाल मामिलामा पछि धकेल्ने र दमनबाट द्वन्द्वको समाधान गर्ने योजनामा थिए । राजा वीरेन्द्र शाहको भारतभन्दा चीनप्रतिको नरम नीति श्रीपेच र सिंहासनको रक्षाको नीति थियो तर, यो भारत र अमेरिकाको लागि सुपाच्य थिएन । दरबार हत्याकाण्ड यही पृष्ठभूमिमा गरिएको राजनैतिक दाउपेच थियो । कांग्रेस खासगरी गिरिजाप्रसाद कोइराला कमजोर राजा ज्ञानेन्द्रलाई मानार्थ राजा राखेर एकप्रकारको अधिनायकवादी सत्ता स्थापित गर्न चाहन्थे तर, राजा ज्ञानेन्द्र बाह्य समर्थनमा आफुलाई अधिनायकवादी शासकमा स्थापित गर्न चाहन्थे । २०६२/६३ को आन्दोलन क्रमशः बढ्ने लक्षण देखिन थालेपछि साम्राज्यवादी र भारतीयहरु वार्ता र शान्ति प्रकृयालाई समर्थन गर्दै जनआन्दोलनको ताकतबाट राजालाई गलहत्याउने र क्रमशः माओवादीलाई साइजमा ल्याउने कमजोर पार्ने गुरू योजनामा काम गर्न थाले ।

आजका सबै अराजकता त्यही गुरूयोजनाका परिणामहरु हुन । केपी ओलीको सत्तारोहण र बहिर्गमन बाबुराम र वैधहरुको पार्टी विभाजन, गठबन्धन सरकार तथा नारा र एजेण्डाहरुमा आएको स्खलन यी सबै घटनामा दृश्य र अदृश्य प्रत्यक्ष र परोक्ष बाह्य शक्तिको खेल छ । यसबारेमा नेपालका कम्युनिष्ट प्रजातान्त्रिक शक्तिहरुको सचेत नीतिगत वा कुटनैतिक प्रतिवाद आत्मरतिभन्दा माथि उठ्न सकेको छैन । यो एउटा बिडम्बनापूर्ण स्थिति हो । हामी न प्रतिवाद सोच्न सक्छौं न त पहल लिन नै । यही स्थिरको लाभ लिँदै आन्दोलन र नेतृत्वको तेजोबध गर्ने खेल भैरहेका छन् । आज ओलीलाई स्थापित गर्दै क्रान्तिकारी धाराबाटै संसदवादी तथा अराजकतावादी दिशामा आन्दोलनको हरावललाई गिराउने खेल भैरहेको छ र हामी शिकार भैरहेका छौ ।

यही सन्दर्भसँग जोडिएर राजनैतिक समिकरणमा फेरबदल ल्याउने कम्युनिष्ट आन्दोलन छिन्नभिन्न पार्ने र साम्राज्यवादी विश्वव्यवस्थालाई दिर्घजीवि बनाउने गेम प्लानलाई चिर्ने साहस र संकल्पसहित एउटा संगठित कम्युनिष्ट धारालाई माथि उठाउने संकल्प आजको आवश्यकता बनेको छ । संयमित र सन्तुलित ढंगले आन्दोलनको पुनर्स्थापना र विचारधाराको रक्षा आजको आवश्यकता बनेको छ । जसतर्फ प्रगतिशील कम्युनिष्ट शक्तिले पहल लिन आवश्यक छ । कम्युनिष्ट शक्तिले राष्ट्रियता र जनजिवीकालाई केन्द्रमा राखेर मात्रै बाँकी विषयमा अगाडि बढ्नुपर्छ ।

# ईयू राष्ट्रहरू ऊर्जा मूल्यबारे संयुक्त दृष्टिकोण बनाउन सहमत

**काठमाडौं/एजेन्सी–** युरोपेली संघ (ईयू) का सदस्य राष्ट्रका ऊर्जामन्त्रीहरूले इन्धनको मूल्य नियन्त्रणका लागि अस्थायी आपतकालीन उपायबारे साझा धारणा बनाउन शुक्रबार सहमति जनाएका छन् ।

चेक गणतन्त्रका उद्योग तथा व्यापारमन्त्री जोजेफ सिकेलाले ब्रसेल्समा भएको ऊर्जा परिषद्को बिशेष बैठकपछि भने, 'उनीहरूले युरोपेली आयोगलाई केही दिनभित्रै बलियो र ठोस प्रस्ताव पेश गर्ने जिम्मेवारी दिएका छन्, हामी इन्धनको उच्च मूल्यहरूको सामना गरिरहेका हाम्रा नागरिकहरू र कम्पनीहरूलाई मद्दत गर्न जे



पनि गर्नेछौं ।'

मन्त्रीहरूले चार मुख्य क्षेत्रहरू पहिचान गरी सदस्य राष्ट्रहरूले आयोगले कम उत्पादन लागतको सामना गर्ने बिजुली उत्पादकहरूको राजस्वसीमित गर्ने, ग्याँसमा सम्भावित मूल्य सीमा, ईयूभर समन्वित बिजुली माग घटाउने उपायहरू, र उपायहरू जसले कम तरलताको मुद्दा समाधान गर्न मद्दत गर्ने विश्वास गरेका छन् । ईयूका ऊर्जा आयुक्त कादरी सिमसनले बैठकपछि पत्रकारहरूसँग भने, 'ऊर्जाको मूल्यमा उल्लेखनीय कमी ल्याउने र आपूर्तिको हाम्रो सुरक्षा सुनिश्चित गर्ने कुनै पनि समाधान छैन ।'

उनले भने, 'हामीले आपूर्तिको विविधीकरण, माग घटाउने र नवीकरणीय ऊर्जामा लगानीजस्ता सबै मोर्चामा आफ्नो काम र दृढसंकल्पलाई निरन्तरता दिन आवश्यक छ ।'

ईयूले आफ्ना व्यापारिक साझेदारहरूसँग थप किफायती मूल्यहरू वार्ता गर्न द्विपक्षीय रूपमा काम गरिरहेको सिमसनले बताए । उनले अहिलेसम्म केही पनि निर्णय नभएको स्वीकार गर्दै भने, 'हामी अर्को हप्ता अभूतपूर्व उपायहरू प्रस्ताव गर्नेछौं ।' मन्त्रीहरूले यस महिनाको अन्त्यमा फेरि बैठक बसेर अन्तिम योजनाहरूबारे छलफल गर्न र प्रस्तावहरू पारित गर्ने अपेक्षा गरिएको छ ।

# पेरुमा १४ महिनामा चार विदेशमन्त्रीले राजीनामा दिए

**काठमाडौं/एजेन्सी–** पेरुका विदेशमन्त्री मिगुएल एन्जल रोड्रिग्वेजले शुक्रबार राजीनामा दिएका छन् । उनी राष्ट्रपति पेड्रो कास्टिलोको नेतृत्वमा रहेको सरकारमा पद त्याग गर्ने चौथो विदेशमन्त्री हुन् । राजनीतिक अस्थिरताबाट गुज्रिएको पेरुमा विदेशमन्त्रीको राजीनामाले थप राजनीतिक अस्थिरता बढाएको छ । कास्टिलोको सरकारले सन् २०२१ जुलाईमा पदभार ग्रहण गरेदेखि हालसम्म दुईवटा महाभियोग सामना गर्दै भ्रष्टाचारलगायत छवटा आपराधिक अनुसन्धानको सामना गरिरहेको छ ।



गत महिना पूर्वप्रधानमन्त्री एनिबल टोरेस क्यास्टिलोको सरकारबाट राजीनामा दिने चौथो व्यक्ति थिए । त्यसपछि अन्य सात आन्तरिक मन्त्रीहरूले पदत्याग गरेका छन् । रोड्रिग्वेजले विदेश मन्त्रालयको ट्विटर सार्वजनिक गर्दे साझा गर्दै राजीनामा घोषणा गरेका थिए ।

स्थानीय सञ्चारमाध्यमले भर्खरै मन्त्री रोड्रिग्वेज र राष्ट्रपति कास्टिलो बीच विभिन्न मुद्दाहरूमा असहमति रहेको सार्वजनिक गरेका थिए । वामपन्थी राष्ट्रपति कास्टिलो आफ्ना दक्षिणपन्थी प्रतिद्वन्द्वीहरूबाट निरन्तर आलोचना र अफ्ठेरोमा परेका छन् । पेरुमा राजनीतिक अस्थिरताको अचम्मको शृङ्खला छ । सन् २०२० मा पाँच दिनमा तीनजना राष्ट्रपतिहरू भएका थिए भने सन् २०१६ पछि पाँच राष्ट्रपति चुनिएका छन् ।

### बेलायतका नयाँ राजाको पहिलो सम्बोधन

# 'जीवनभर सेवामा समर्पित हुन्छु'



**काठमाडौं/एजेन्सी–** बेलायतका नयाँ राजा चार्ल्स तृतीयले राजाको जिम्मेवारी सम्हालेपछि पहिलो सम्बोधन गरेका छन् । राष्ट्रका नाममा सम्बोधन गर्दै उनले आफू पनि आफ्नी आमाले झैं आफ्नो जीवन पुरै सेवामा समर्पित गर्ने घोषणा गरेका छन् ।

बेलायतकी महारानी एलिजावेथ द्वितीयको गत बिहीबार निधन भएपछि उनका जेठा छोरा चार्ल्स तृतीयले राजाको जिम्मेवारी पाएका हुन् । राजाको रूपमा पहिलो सम्बोधन गर्ने क्रममा उनले आफू आफ्नो माताको निधनबाट अत्यन्त दुखी रहेको उल्लेख गरेका छन् ।

उनले आफ्नी आमालाई आफु र आफ्नो परिवारका लागि प्रेरणा र उदाहरणको पात्रका रूपमा चित्रित गर्दै उनको प्रेम, स्नेह, मार्गदर्शन, बुझाइ र उदाहरणका लागि अरू परिवारले आफ्नी आमासँग महसुस गर्ने जस्तै गरी आफू पनि ऋणी रहेको बताए । उनले भनेका छन्, 'महारानी एलिजाबेथको जीवन सार्थक रह्यो, उहाँले नियतिका साथ गरेको प्रतिबद्धता पूरा गर्नुभयो र उहाँको निधनमा गहिरो दुःख छ ।'

अहिले आफूहरूसँगै बेलायतका बासिन्दा, उनी राष्ट्रप्रमुख रहेका सबै देशहरू, राष्ट्रमण्डल र विश्वभरका शुभेच्छुकहरू पनि दुखी रहेको राजा चार्ल्सले सबैप्रति कृतज्ञता व्यक्त गरेका छन् । 'मेरी आमाले ७० वर्षभन्दा लामो समयदेखि यति धेरै देशका मानिसको सेवा गरेकोमा हामी उहाँप्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छौँ,' उनले भनेका छन् ।

एक शासकका रूपमा महारानी एलिजावेथ द्वितीयको समर्पण र प्रतिबद्धतामा जीवनभरी कहिल्यै कम नभएको पनि उनले उल्लेख गरेका छन् । राजनीतिक तथा पारिवारिक जीवनमा आएका उथलपुथल, खुशी, दुःख, समस्या आदि कुनै पनि बेला उनी विचलित नभएको राजा चार्ल्सले स्मरण गरेका छन् ।

उनले राजगद्दीको जिम्मेवारी सम्हालेदेखिको ७० वर्षको दौरानमा समाज, विविध संस्कृति र विश्वासमा परिवर्तन भएपनि त्यसको सामना गर्नु ठूलो चुनौतीका रूपमा राजा चार्ल्सले उल्लेख गरेका छन् ।

यसैबीच अमेरिकाका राष्ट्रपति जो बाइडेन बेलाइतकी महारानी एलिजाबेथ द्वितीयको अन्त्येष्टिमा सहभागी हुने भएका छन् । पत्रकार हरूको जिज्ञासाको जवाफमा अमेरिकी राष्ट्रपतिले महारानीको अन्त्येष्टिमा सहभागी हुने घोषणा गरेका हुन् ।

बेलायतका राजा चार्ल्स तृतीयसँग आफूले हालसम्म कुराकानी नगरेको उनले बताए । 'म उहाँलाई चिन्छु तर उहाँसँग कुरा गरेको छैन । मैले उहाँलाई अहिलेसम्म फोन पनि गरेको छैन,' ओहायोको कोलम्बसमा एयर फोर्स वानमा सवार हुनुअघि उनले पत्रकारहरू माझ भने ।

राष्ट्रपतिसँग औपचारिक प्रतिनिधिमण्डल पनि लण्डन जाने सम्भावना रहेको अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्कले जनाएको छ । शुक्रबार राष्ट्रपतिले आफ्नी अर्धाङ्गिनी जिल बाइडेनका साथ यहाँस्थित ब्रिटिस दूतावासमा शोक पुस्तिकामा हस्ताक्षर गरेका थिए ।

# आणविक सम्झौता : इरानप्रति युरोपेली शक्तिको शंका



**काठमाडौं/एजेन्सी–** युरोपेली शक्तिराष्ट्रहरूले आणविक सम्झौताको खोजीमा इरानको इमान्दारितामाथि 'गम्भीर शंका' व्यक्त गरेका छन् । तेहरानको अडानले सन् २०१५ को सम्झौता पुनर्स्थापनाको सम्भावनालाई खतरामा पार्ने चेतावनी उनीहरूले दिएका छन् ।

युरोपेली मध्यस्थताकर्ताहरूले गत महिना इरानले प्रस्तावित अन्तिम पाठमा सहमति जनाएको भन्दै सन् २०१५ को सम्झौताको पुनः स्थापनामा प्रगति हुने देखिएको जनाएका थिए । संयुक्त राज्य अमेरिकाले जवाफ पठाएपछि आएको इरानी जवाफले सम्झौता पुनः स्थापनाको आशा क्षीण बनेको मध्यस्थकर्ताहरूले जनाएका हुन् ।

फ्रान्स, जर्मनी र बेलायतले शनिबार एक संयुक्त वक्तव्य जारी गर्दै तेहरानलाई दिइएको अन्तिम कार्यक्रमले युरोपेली शक्तिहरूलाई 'उनीहरूको लचिलोपनको सीमा'मा लगेको बताएका छन् ।

'दुर्भाग्यवश, इरानले यो महत्वपूर्ण कूटनीतिक अवसरको फाइदा नउठाउने निर्णय गरेको छ,' उनीहरूले भनेका छन्, 'यसको सट्टा, इरानले आफ्नो आणविक कार्यक्रमलाई कुनै पनि व्यावहारिक नागरिक औचित्यभन्दा बाहिर बढाउँदै लगेको छ ।'

तेहरानले संयुक्त राष्ट्रसंघको आणविक ऊर्जा निगरानी संस्था आईएईएसँग सम्पन्न अप्रसार सन्धिअन्तर्गत आफ्नो कानुनी रूपमा बाध्यकारी दायित्वसँग सम्बन्धित मुद्दाहरू पनि पुनः खोलेको छ ।

फ्रान्स, जर्मनी र बेलायतले सन् २०१५ को 'ज्वाइन्ट कम्प्रिहेन्सिभ प्लान अफ एक्सन (जेसीपीओए)' को संक्षिप्त नाम प्रयोग गर्दै भनेका छन्, 'यो पछिल्लो मागले जेसीपीओएको सफल परिणामप्रति इरानको नियत र प्रतिबद्धतामाथि गम्भीर शङ्का उब्जाएको छ ।'

पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जेसीपीओएबाट अमेरिका फिर्ता गर्दै इरानमाथि व्यापक नयाँ प्रतिबन्धहरू लगाएपछि इरान पनि सम्झौताका नियम आफ्ना लागि मात्र मान्य नहुने भन्दै क्रमशः सम्झौताबाट फिर्ता भएको थियो ।

अमेरिकी राष्ट्रपति जो बाइडनको नेतृत्वमा यो सम्झौता पुन :स्थापित हुने आशा बढेको थियो । यस सम्झौताअन्तर्गत इरानले प्रतिबन्धमा राहत पाउनेछ र आफ्नो आणविक कार्यक्रममाथि कडा प्रतिबन्धको बदलामा फेरि विश्वव्यापी रूपमा तेल बेच्न सक्नेछ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले आणविक सम्झौताबारे इरानको पछिल्लो जवाफ 'पश्चगामी' भएको टिप्पणी गरेको एक दिनपछि तीन युरोपेली शक्तिराष्ट्रको वक्तव्य आएको हो । उक्त वक्तव्यमा भनिएको छ, 'वासिङ्टन आफ्नो आधारभूत आवश्यकताहरू पूरा नगर्ने सम्झौतामा सहमत हुने वाला छैन ।'


## SUNAWARSHI MUNICIPALITY

## OFFICE OF THE MUNICIPLE EXECUTIVE

**DAINIYA, MORANG**

**PROVINCE NO:- 01**

## INVITATION FOR BID

**Published date: 2079/05/26 (2022/09/11)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/BUILD-ING/079/80-01 | Construction of Remaining Portion Of Municipal Building | 1,01,75,710.46/- | 2,60,000 /- | 3,000 /- |
| SUNMUN/ ROAD/079/80-07 | Construction of Jhungi tole Takuwa Sadak Nirantarta | 90,54,819.30/- | 2,30,000 /- | 3,000 /- |
| SUNMUN/ ROAD/079/80-08 | Construction of Maldhaiya Sikti Sadak Kalopatre Nirantarta | 80,84,414.72/- | 2,10,000 /- | 3,000 /- |
| SUNMUN/ ROAD/079/80-09 | Construction of Dainiya Amardah Bato ( Naya Nagarpalika Bhawan Agadi) Dekhi Wada No. 6 Wada Adhaychha Ko Ghar Samma Sadak Kalopatre | 67,15,999.12/- | 1,70,000 /- | 3,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Civil Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 06910179045107**
& For Bid Security **(Dharauti Kosh Khata Ga-3 :- 06910179045058)**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2079/06/24 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2079/06/25. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Ashoj, 26, 2079 14:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administ rative officer**

# बक्स अफिस समाचार

## ‘प्रतिस्पर्धाले झनै राम्रा क्रियशन दर्शक स्रोतामाझ आउँछन्’

नेपाली गीत संगीतको फाँटमा आफ्नै राजमार्ग बनाएर हिँडिरहेको नाम हो मञ्जु लावती थापा । उनका दर्जनौं गीत दर्शक स्रोतामाझ लोकप्रिय रहेका छन् । नेपाली गीत संगीतको फाँटमा विसं. २०५८ मा ‘बह’ एल्बममार्फत पाइला अघि बढाएकी उनका त्यसयता तीन सयभन्दा बढी गीत आइसकेका छन् । यस्तै, उनका ‘खोला जस्तै चोला’, ‘धरान बजारमा’ जस्ता सात एल्बम सार्वजनिक भएका छन् । पूर्वको पाँचथरमा जन्मिएकी उनले काठमाडौंलाई कर्मथलो बनाएर आफ्ना प्रस्तुतिमार्फत दर्शक स्रोताको मन जित्न सफल भएकी छन् । समधुर स्वरकी धनी मञ्जु लावती थापाले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :



**मञ्जु लावती थापा**, गायिका

**यहाा लामो समयदेखि नेपाली गीत संगीतको क्षेत्रमा हुनुहुन्छ, यो क्षेत्रमा कसरी पदार्पण गर्नुभयो ?**

हो म यस्तै विगत २० वर्षदेखि यो क्षेत्रमा निरन्तर लागिरहेकी छु । यही क्षेत्रलाई नै आफूलाई पूर्णरुपमा समर्पण गरेर म होमिएकी छु र निरन्तर अफ्ना सिर्जना दर्शक स्रोतामाझ पस्किरहेकी छु । यो क्षेत्रमा कसरी पदार्पण गर्नुभयो भन्ने यहाँको जिज्ञासामा मेरो सानैदेखिको लगाव हो गीत संगीतको क्षेत्र । आफ्नो सानैदेखिको लगाव भएका कारण म यो क्षेत्रमा आएँ ।

**यसका लागि औपचारिक अध्ययन पनि गर्नुभयो कि ?**

ममा गीत संगीतलाई लिएर एक खालको जुनन थियो । तर यसका लागि सैद्धान्तिक ज्ञानको पनि त्यतिकै आवश्यकता हुँदो रहेछ । यसका लागि मैले यस्तै २०५६/०५७ सालमा संगीत सिक्न थालें । र, पछि २०५८ सालदेखि यो क्षेत्रमा औपचारिकरूपमा आएँ ।

**यहााले कहाा र कोसाग संगीत सिक्न थाल्नुभएको थियो प्रारम्भिक चरणमा ?**

मैले माथि पनि भनें २०५६/०५७ सालमा संगीत सिक्न थालेकी हुँ । आफूमा भएको गीत संगीतको लगावलाई अझ निखार ल्याउनका लागि मलाई यो जरुरी थियो । मैले धरानमा विनय प्रधान गुरुसँग कला केन्द्रमा दुई वर्ष संगीत सिकें । सिक्ने क्रम सधैं नै रहन्छ । अहिले पनि म गीत संगीतको विद्यार्थी नै हुँ । गीत संगीतमा नयाँ नयाँ क्रियशन पस्किनुपर्छ त्यसैले जहिले सिक्ने क्रम रहिरहेको हुन्छ । फरक यति हो लामो समयको सिकाइले हामीलाई धेरै माझेको छ । फेरि नयाँ-नयाँ कुराका लागि अपडेट हुनु नै पर्छ होइन ?

**यहााले दर्शक स्रोतामाझ ल्याएको पहिलो सांगीतिक कोशेली के थियो ?**

मैले २०५८ मा ‘बह’ एल्बम दर्शक स्रोतामाझ ल्याएकी थिएँ । मेरो पहिलो सिर्जनाले औपचारिकरुपमा दर्शक स्रोतामाझ प्रवेश पाएपछि मैले पछि फर्केर हेर्नु परेको छैन । निरन्तर यसै क्षेत्रमा तल्लिन रहेकी छु । मेरो पहिलो एल्वममा गंगा राई, सरिता राई अनि मेरो स्वर रहेको थियो । यो एल्बममा शब्द र संगीत भने खग्रेन्द्र जीको थियो ।

**अहिलेसम्म कति जति एल्बम दर्शक स्रोतामाझ आए यहााका ?**

मेरा यस्तै सात वटा जति एल्बम सार्वजनिक भएका छन् । ‘खोला जस्तै चोला’, ‘धरान बजारमा’ जस्ता रहेका छन् । पछिल्लो समय एल्बम निकाल्नेभन्दा सिंगल गीतको प्रचलन छ ।

**यि त भए एल्बम, जम्मा गीत कति रहेका छन् होला यहााको स्वरमा सजिएका ?**

मैले थुप्रै गीत गाएकी छु । मैले पूर्वेली, पश्चिमेली, तीज गीत, भाषाभाषीका गीत ल्याएको छु । मेरो स्वरमा रहेका यस्तै तीन सयको हाराहारीमा गीत सार्वजनिक भएका छन् ।

**गीत संगीत नै रोज्नुको कारण, अर्थात यो क्षेत्रमा आउनुको कारण ?**

मैले माथि पनि भने मेरो सानैदेखिको लगाव हो गीत संगीत । म सानैदेखि नै गीतसंगीत भनेपछि हुरुक्क हुन्थें । मलाई याद नहुँदा सानो उमेरमा पनि म गीत गाउने गरेको आमा-बाबाले सुनाउनु हुन्थ्यो । मेरो गीत संगीतप्रतिको लगाव सानैदेखि नै भएका कारण ठूलो हुँदै जाँदा म यही क्षेत्रमा होमिएँ । सायद म गीत गाउनकै लागि जन्मिएकी हुँ जस्तो लाग्छ । यो क्षेत्रसँग अलग हुने मेरो कल्पनाभन्दा बाहिरको कुरा हो ।

**यहााले सबै प्रकारका गीत गाए पनि आफैंलाई चाहिा कस्ता गीतले प्रभावित गर्दछ ?**

मलाई मेलोडियस गीत नै बढी मनपर्छ र सबै प्रकारका गीत गए पनि मनपर्ने भनेको मेलोडियस नै हो । सेन्टिमेन्टल गीत नै मन छुन्छ र मनपर्छ ।

**यति समय व्यतित गर्दा यहााको अनुभवमा कस्तो रहेछ गीत संगीतको क्षेत्र ?**

गीत संगीत भनेको महासागर हो । हरेक पल्ट नयाँ नयाँ क्रियशन पस्किन सक्नु पर्छ । मलाई के लाग्छ भने गीतसंगीत भनेको जीवनको एउटा पाटो । यो सुख दुःखको साथी हो । यसले तपाईंको मनलाई खुशी दिन्छ भने पीडालाई हल्का पनि बनाउँछ ।

**यो क्षेत्रमा कतिको प्रतिस्पर्धा रहेको छ ?**

मलाई लाग्छ हरेक क्षेत्रमा प्रतिस्पर्धा हुन्छ र हुनु पनि पर्छ । प्रतिस्पर्धाले राम्रा राम्रा क्रियशन दर्शक स्रोतामाझ आउने गर्दछन् । प्रतिस्पर्धाले नै स्तरीय प्रस्तुति बाहिर आउँछ । आफैंभित्र प्रतिस्पर्धा रहेको हुन्छ । योभन्दा अघिको गीतभन्दा अबको गीत झन् राम्रो, उत्कृष्ट कसरी बनाउने भन्ने प्रतिस्पर्धा हुन्छ । म आफैंसँग पनि मेरा हरेक सिर्जनामा अझ राम्रो कसरी बनाउने भनेर प्रतिस्पर्धा गरिरहेकी हुन्छु । चुनौती छ । फेरि अर्को प्रतिस्पर्धा भनेको पैसा हुनेले राम्रो क्षमता नहुँदा पनि चम्किएको देखिन्छ भने प्रशस्त पैसा नहुनेहरू आफूसँग भएको विराट प्रतिभालाई आफैंभित्र दबाएर राख्न बाध्य छन् ।

**यहााले गीत संगीतमा पु¥याएको योगदानको कदर स्वरुप विभिन्न मान सम्मान, पुरस्कार र अवार्ड पनि प्राप्त गर्नुभएको छ, कस्तो लाग्छ ?**

मेरो सिर्जनाले दर्शक स्रोताले मन पराउँदै गर्दा, मेरो कर्मलाई सम्मान गर्दै मलाई विभिन्न पुरस्कार, सम्मान र अवार्ड प्राप्त भएका छन् । त्यस्तै केही समय पहिला स्टार अवार्ड प्राप्त भएको थियो । यो ‘घास काट्दै’ गीतबाट थियो । यस्तै अन्य थुप्रै छन् । यस्ता अवार्ड, सम्मान र पुरस्कारले अझ थप क्रियाशिल हुन हौसला प्रदान गर्दौ रहेछ । तर मलाई के लाग्छ भने सबैभन्दा ठूलो पुरस्कार, सम्मान र अवार्ड भनेको त दर्शक स्रोताको माया नै हो भन्ने मलाई लाग्छ ।

**जीवन र संगीतलाई कसरी बुझ्ने ?**

एकदमै राम्रो प्रश्न । जीवन र संगीत एक अर्काका परिपुरक हुन् । जीवनसँग गीत संगीत जोडिएको छ । जीवन भनेकै संगीत हो र संगीत भनेकै जीवन हो । सभ्यताको उषा काल देखि नै सायद मान्छेहरू गुनगुनाउथे होला । संगीतको विन्दू ध्वनीसँग सम्बन्धित हुन्छ भनिन्छ, जसलाई शास्त्रले नाद भनेको पाइन्छ । संसारमा गीत संगीत मन नपर्ने को नै हुन्छ होला र ! जीवन सुख-दुःखको संयोग हो र लेखान्त हो भोग्नुको विकल्प छैन । र, संगीत सोही जीवनको सहयात्री हो । दुखेको मनलाई मलम, खुशीको क्षणलाई रंग मिसाइदिने । संगीत जीवन हो ।

**अहिलेसम्म तपाईंका लाखौं फ्यानहरूले थाहा नपाएका कुरा ?**

मेरो धेरै कुरा सार्वजनिक नै छ । प्रायः म खुला किताव नै हो । फेरि पनि केही भन्नै पर्दा म जतिबेला पनि गुनगुनाउने गर्छु । भगवान प्रति आस्था राख्छु । म पार्टीहरूमा एकदमै कम बस्छु । म सधैं मेरो गीत संगीतलाई दर्शक स्रोताले एकदमै रुचाउन्, चिनुन् तर मलाई नचिनुन् भन्ने पनि हो ।

**अन्त्यमा केही छ कि ?**

वास्तविक कला भएका सर्जकलाई विभिन्न तवरले साथ सर्पोट गर्न अनुरोध गर्दछु यो लोकप्रिय दैनिक पत्रिकामार्फत । साधना र उत्कृष्ट सिजना गर्ने मनोबल पैदा होस्, जय गीत, जय संगीत ।

## सोमबार फिल्म हल बन्द गर्ने निर्णय फिर्ता



**काठमाडौं/मस-** नेपाल चलचित्र संघले भदौ २७ गते सोमबार हल बन्द गर्ने निर्णय स्थगित गरेको छ ।

शुक्रबार संघको कार्यालयमा चलचित्र निर्माता संघका पदाधिकारीसँग छलफलपछि संघले हल बन्द गर्ने निर्णय तत्कालका लागि फिर्ता लिएको हो ।

निर्माता संघले विदेशी फिल्म पनि शुक्रवार मात्र प्रदर्शन गर्नुपर्ने निर्णय गरेपछि चलचित्र संघले आन्दोलनको संकेत स्वरुप हल बन्द गर्ने निर्णय गरेको थियो ।

आगामी दिनमा फिल्म क्षेत्रका समस्या समाधानका लागि दुवै संघका महासचिवको नेतृत्वमा ५/५ सदस्यीय वार्ता समिति बनाएर छलफलबाट सहमति र सहकार्य गर्दै अगाडि बढ्ने र दुवै संघका सदस्यहरुलाई संयमित बनाउने निर्णय भएको चलचित्र संघका महासचिव नरेन्द्र महर्जन र निर्माता संघका महासचिव सुनिल कुमार थापाद्वारा संयुक्त रुपमा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

दुई संस्थाबीच भएको छलफलमा दीपकराज गिरी, निश्चल बस्नेत, दीपेन्द्र के. खनाल, ज्ञानेन्द्र देउजा, भाष्कर ढुंगाना, प्रज्ज्वल राणा, खगेन्द्र लामिछाने, किरण नेपालीलगायतको उपस्थिति थियो ।

हल बन्द फिर्ता गर्ने निर्णयलाई फिल्मकर्मीहरुले स्वागत गरेका छन् । चलचित्र संघ र निर्माता संघबीच कहिले शेयर बाँडफाँड त कहिले हलको विषयलाई लिएर बेला बखतमा लडाइँ हुँदै आएको छ ।

बिहीबार चलचित्र संघले विज्ञप्ति जारी गर्दै चलचित्र क्षेत्रका समूहहरुले संघका सदस्यहरुप्रति अनर्गल रुपमा मानमर्दन हुने खालका अभिव्यक्ति र व्यवहार गरेको, राज्यले चलचित्र आयातमा बाधा उत्पन्न गराउने काम गरेको, स्वतन्त्र व्यवसायमाथि नियन्त्रण गर्न खोजेको, चलचित्र जाँच पास गर्दा अनावश्यक दुःख दिने काम भएको भन्दै एक दिनका लागि हल बन्दको घोषणा गरेको थियो ।

## ‘प्रेम गीत ३’को नयाँ हिन्दी गीत सार्वजनिक

**काठमाडौं/मस-** भारतका चर्चित पार्श्व गायक राहत फतेह अली खानको स्वरमा रहेको नेपाली फिल्म ‘प्रेमगीत ३’को नयाँ हिन्दी गीत रिलिज भएको छ । ‘जहान भी जाओ’ बोलको रोमान्टिक थिमको गीतमा डीएच हार्मोनीको कम्पोज र हरी शंकर सुफीको शब्द रचना रहेको छ । गायक खानको स्वरले मन्त्रमुग्ध बनाउँछ । गीतको भिडियोमा अभिनेता प्रदीप खड्का र अभिनेत्री क्रिस्टिना गुरुङ फिचर्ड छन् । गीतमा उनीहरुको बाल्यकालदेखि अंकुराएको प्रेमलाई देखाइएको छ । प्रदीप र क्रिस्टिनाको केमेस्ट्री सुहाएको देखिन्छ । माथिल्लो मुस्ताङको हिउँले सेताम्मे दृश्यहरुलाई पृष्ठभूमिमा सजाएर खिचिएको भिडियोमा राजेश श्रेष्ठको छायांकन प्रशंसनीय छ । भारतका प्रख्यात डबिङ आर्टिस्टहरुले हिन्दी डब गरेको ‘प्रेमगीत ३’ भारतमा १५ सय बढी सिनेमा हलमा प्रदर्शन हुने जानकारी प्राप्त छ ।

असोज ७ गते नेपाल र भारतमा एकसाथ प्रदर्शनमा आउन लागेको फिल्मलाई स्वर्गीय छेतन गुरुङ र सन्तोष सेनले निर्देशन गरेका हुन् । शिव श्रेष्ठ, सुनिल थापा, मनिष राउत, माओत्से गुरुङ, पुस्कर कार्की, प्रेम पुरी, लक्ष्मी वर्देवा, अनुभव रेग्मी, जीवन भट्टराई, योगिशा खत्री, सम्वृद्धि शाही ठकुरीलगायतको पनि अभिनय रहेको यस फिल्ममा राजेश श्रेष्ठ र पुरुषोत्तम प्रधानको छायांकन छ ।

**Dullu Municipality**
**Office of Municipal Executive**
Dullu, Dailekh
Karnali Province

**Invitation for Bids**

*First Date of publication: 11/9/2022*

1. Dullu Municipality, Dailekh invites only electronic bids from Nepalese eligible bidders for the construction of below listed execution of works under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dullu Municipality, Dailekh or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. **Last date of bid submission:** 11/10/2022, 12:00PM
   **Bid opening date:** 11/10/2022, 2:00PM
3. Information to deposit the cost of bidding document in Bank:
   a) **Name of the Bank:** Rastriya Banijya Bank Ltd., Dullu, Dailekh, Karnali Province
   b) **Aantarik Rajaswo Khata No.:** 4340100301010002
   c) **Dharauti Khata No.:** 4340100303000002

| S. N. | Contract No. | Work Description/ Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period | Turnover | Work Experience of similar nature |
|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKS/NCB/ DM/2079/80/02 | Construction of Academic Building of Panchakoshi Bahuprabidhik Shikshalaya at Dullu Municipality-8. (Adding Academic Building storey ) | 16665158.98 | 600000.00 | 3000 | 120 Days | | |
| 2. | WORKS/NCB/ DM/2079/80/03 | Construction of RCC Hostel Building of Nareshwor Udhamshil School at Dullu Municipality-2 | | 1,590,000.00 | 5000 | 120 Days | 58,400,000 | 38,700,000.00 |

– Chief Administrative Officer

## नेपाल टी–२० लिग

# ६ टोलीले किने १५ लाखमा मार्की खेलाडी



**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ क्यानले पहिलो पटक आयोजना गर्न लागेको फ्रेन्चाइज क्रिकेट नेपाल टी २० लिगका ६ मार्की खेलाडी घोषणा गरेको छ। क्यानले पहिलो चरणमा ६ जना मार्की खेलाडीहरु अनुबन्ध गर्दै अरु ९२ खेलाडीको क्याटेगोरी अनुसार सूची पनि सार्वजनिक गरेको हो।

प्रतियोगितामा काठमाडौं कान्तिपुर, लुम्बिनी अल स्टार्स, विराटनगर सुपर किङ्स, जनकपुर रोयल्स, पोखरा एभेन्जर्स र फारवेस्ट युनाईटेडले प्रतिस्पर्धा गर्दैछन्।

पोखरा एभेन्जर्सले मोहम्मद आशिफ शेख, लुम्बीनी अल स्टारले दीपेन्द्रसिंह ऐरी, काठमाडौं कान्तिपुरले ज्ञानेन्द्र मल्ल, फार वेस्टन युनाइटेडले करण केसी, विराटनगर सुपर किंग्सले रोहित पौडेल र जनकपुर रोयल्सले सोमपाल कामीलाई मार्की खेलाडीको रुपमा अनुबन्ध गरेका छन्।

सबैले ए समूहबाट मार्की खेलाडी अनुबन्ध गरेका हुन्। ए श्रेणीमा हुने खेलाडीले सिजनको १५ लाख पाउने छन्। यस्तै पोखराले मार्की पछि ए समूहबाट शरद भेषावकरलाई अनुबन्ध गरेको छ।

पहिलो दिन 'ए' श्रेणीका पाँच खेलाडी भने बिकेनन्। विनोद भण्डारी, अविनास बोहरा, आरिफ शेख, कुशल भुर्तेल र सुबास खकुरेल नबिकेका हुन्। उनीहरु 'बी' श्रेणीमा झरेका छन्। बाँकी ९२ जनाको ड्राफ्ट आइतबार हुनेछ। 'बी' ग्रेडका खेलाडीहरूले १० लाख र 'सी' ग्रेडका खेलाडीहरूले ५ लाख रुपैयाँ पाउनेछन्।

नेपाल टी २० लिग असोज ८ गतेदेखि कात्तिक ५ गतेसम्म काठमाडौंमा हुँदै छ। प्रतियोगिता होम तथा अवेका रुपमा गरि डबल राउन्ड रोबिनको आधारमा कीर्तिपुर मैदानमा हुनेछ। एक टोलीमा ११ नेपाली खेलाडी र ५ विदेशी खेलाडी राख्दै टिम निर्माण गर्नुपर्ने हुन्छ।

## नवौं राष्ट्रिय खेलकुद

# वर्षाले क्रिकेट खेल लगातार रद्द



**काठमाडौं/मस–** आगामी २८ असोजबाट औपचारिक सुरुवात हुने नवौं राष्ट्रिय खेलकुदको पुरुष क्रिकेट इभेन्ट सुरुवात भइसकेको छ। तर वर्षाका कारण ९ मध्ये ८ खेल रद्द भएका छन्। पहिलो दिन एनआरएनए र सुदूरपश्चिममको एकमात्र खेल ६ ओभरमा घटाएर पूरा गरिएको छ। बाँकी खेल लगातार रद्द हुँदै आएका छन्।

कीर्तिपुरस्थित टियु मैदान र मुलपानी मैदानमा तय भएका तीन खेल रद्द भयो। शनिबार वर्षाको कारण मैदान खेल्न योग्य नभएपछि गण्डकी र त्रिभुवन आर्मी, लुम्बिनी र मधेस प्रदेश तथा प्रदेश १ र एपीएफबीचको खेल रद्द गरियो। टससमेत नभइ खेल रद्द भएपछि दुबै टिमले १-१ अंक बाँडे। समूह 'बी' मा रहेको एपिएफले २ खेलमा २ अंक जोडेको छ। एपिएफ तेस्रो स्थानमा रहेको छ।

त्यस्तै, प्रदेश १ ले २ खेलमा समान २ अंक जोडेर चौथो स्थानमा रहेको छ। अहिलेसम्म मधेस प्रदेश र गण्डकी, बागमती र प्रदेश नम्बर एक, लुम्बिनी र कर्णाली, एनआरएनए र एपिएफ, नेपाल पुलिस क्लब र मधेस प्रदेश, सुदूरपश्चिम र बागमती, त्रिभुवन आर्मी र कर्णाली र प्रदेश नम्बर एक र एपिएफबीचको खेल स्थगित भइसकेको छ।

प्रतियोगितामा तीन विभागीय र सात प्रदेश तथा एनआरएनको टोली गरी ११ टोलीको सहभागिता रहेको छ। सहभागी ११ टोलीलाई दुई समूहमा विभाजन गरी प्रतियोगिताको आयोजना गरिँदै छ।

# हरिलाई म्याराथनको उपाधि

**काठमाडौं/मस–** नेपाली सेनाका हरिकुमार रिमालले १४ औं संस्करणको काठमाडौं म्याराथनको उपाधि जितेका छन्। दशरथ रंगशालामा शनिबार निर्धारित दुरी २ घन्टा ४० मिनेट ४० सेकेन्डमा पूरा गर्दै रिमालले उपाधि जितेका हुन्। उपाधिसँगै रिमालले १ लाख नगद पुरस्कार प्राप्त गरे।



दोश्रो स्थानमा रहेका सेनाकै जुनेश खड्काले उक्त दुरी २ घण्ठा ४५ मिनेट ५९ सेकेन्डमा पूरा गरे। यस्तै तेश्रो स्थानमा रहेका एपीएफका राजन चौधरीले २ घन्टा ५५ मिनेट ४७ सेकेन्डका साथ दुरी पूरा गरे। दोस्रोले ५० हजार र तेस्रोले २५ हजार रुपैंया प्राप्त गरे।

राजा मेहता, मिलन तामाङ र नारायण बस्नेत क्रमश चौथो, पाँचौं र छैटौं स्थानमा रहे।

ह्विल चियर तर्फको प्रतिस्पर्धामा जोरपाटीका रामकाजी मिजारले १५ मिनेट ४०.६३ सेकेन्डमा साथ प्रथम स्थान हात पारे। यस्तै जाउलाखेलका दीपक श्रेष्ठले १५ मिनेट ४४.४५ सेकेन्डका साथ दोश्रो र जोरपाटीकै अर्जुन ढुङ्गानाले १६ मिनेट ४६.०९ सेकेन्डका साथ तेश्रो स्थान हात पारे।

महिलातर्फ बागबजारकी यामी झाक्रीले २१ मिनेट २८ सेकेन्डका साथ प्रथम र २३ मिनेटका साथ लक्ष्मी घिमिरेले दोश्रो स्थान प्राप्त गरिन्। ५ कि.मि. स्कुल तर्फ छात्रमा १२ मिनेट १९ सेकेन्डका साथ ललितपुरका प्रविन लिम्बुले स्वर्ण पाए। यस्तै १३ मिनेट ५१ सेकेन्डका साथ छोयागल लामा दोश्रो र १४ मिनेट २५ सेकेन्डका साथ अरविन खत्री तेश्रो भए।

छात्रा तर्फ सरस्वती बोहरा १५ मिनेट १२ सेकेन्डका साथ स्वर्ण, आयुषा आचार्य १५ मिनेट ४८ सेकेन्डका साथ रजत र भावना नाथ १६ मिनेट २० सेकेन्डका साथ कास्य प्राप्त गर्न सफल भए।

५ कि.मि. पुरुष तर्फ राजेन्द्र तामाङ, अभिषेक पाँचकोटी र यामराज खत्री क्रमश प्रथम, द्वितीय र तृतीय भए। महिला तर्फ अञ्जु खड्का, मनिष गिरी र श्रेवी महर्जन क्रमश प्रथम, द्वितीय र तृतीय भए।

३ कि.मि. मास्टरको पुरुष तर्फ धर्म महर्जन, मनिन महर्जन र भिम बहादुर गुरुङ्ग प्रथम, द्वितीय र तृतीय भए। यस्तै महिला तर्फ ईम्ला प्रधानले स्वर्ण पाइन्।

२१ कि.मि. तर्फ पुरुषमा सुवास गुरुङले प्रथम स्थान प्राप्त गर्दा नवराज बुढा र देवराज बस्नेत क्रमस दोश्रो र तेश्रो भए। महिला तर्फ रेखा बिष्ट, लक्ष्मी थापा र निलिमा राउतले क्रमश स्वर्ण, रजत र कास्य पाए।

एनआरएस स्पोर्टस फाउन्डेसनको आयोजनामा हुने दौड नेपालको सबैभन्दा प्रतिष्ठित र नियमित आयोजना हुँदै आएको म्याराथन हो। दौड यसअघि कोरोना संक्रमणको कारण दुई वर्ष आयोजना हुन सकेको थिएन।

## महिला साफ च्याम्पियनसिप

# भारत र बंगलादेश सेमिफाइनलमा

**काठमाडौं/मस–** साविक विजेता भारत र बंगलादेश छैटौं संस्करणको महिला साफ च्याम्पियनसिप फुटबलको सेमिफाइनलमा प्रवेश गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको खेलमा माल्दिभ्सलाई ९-० गोल अन्तरले हराउँदै भारतले अन्तिम चारको यात्रा तय गरेको हो। भारतको जितसँगै बंगलादेश पनि सेमिफाइनलमा प्रवेश गरेको हो।



भारतलाई जित दिलाउन अन्जु तामाङले ह्याट्रिकसहित ४ गोल गरिन्। यस्तै डाङमेई ग्रेसले दुई गोल गर्दा प्रियंका देवी, काशिमना र सौम्या गुगुलोथले एक एक गोल गरिन्। खेलको २४ औं मिनेटमा अन्जुले गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाएकी थिइन्। ४२ औं मिनेटमा प्रियंकाले गोल गर्दै भारतलाई २-० को अग्रता दिलाइन्। पहिलो हाफको इन्जुरी समयमा अन्जुले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई ३-० को अग्रता दिलाईन्।

खेलको ५३ औं मिनेटमा ग्रेसले गोल गर्दा भारतले ४-० को अग्रता बनायो। खेलको ५५ औं मिनेटमा सौम्याले गोल गर्दै भारतलाई ५-० को अग्रता दिलाइन्। खेलको ८४ औं मिनेटमा काशिमनाले गोल गर्दा भारतको अग्रता ६-० को बन्यो।

८५ औं मिनेटमा अन्जुले व्यक्तिगत तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरेपछि भारत ७-० ले अघि रह्यो। खेलको ८७ औं मिनेटमा ग्रेसले व्यक्तिगत गोल गर्दै भारतलाई ८-० को अग्रता दिलाइन्। त्यसपछि खेलको ८८ औं मिनेटमा अन्जुले व्यक्तिगत चौंथो गोल गर्दै भारतलाई ९-० को जित दिलाइन्।

भारतको यो लगातार दोस्रो जित हो। भारतले पहिलो खेलमा पाकिस्तानलाई हराएको थियो। जितसँगै समूह 'ए' को भारतले २ खेलमा ६ अंक जोडेको छ। भारत शीर्ष स्थानमा उक्लिएको छ।

शनिबार नै भएको खेलमा बंगलादेशले पाकिस्तानलाई ६-० गोलको फराकिलो अन्तरले हराएको थियो। बंगलादेशको फराकिलो जितमा कप्तान सबिना खातुनले ह्याट्रिक गोल गरिन्। यस्तै मोनिका चक्मा, मोसाम्मत शोप्ना र रितु पोर्नाले एक एक गोल गरिन्।

खेलको तेस्रो मिनेटमा मोनिकाले गोल गर्दै बंगलादेशलाई सुरुआती अग्रता दिलाएकी थिइन्। २८ औं मिनेटमा शोप्नाले गोल गर्दा बंगलादेश २-० ले अघि रह्यो। खेलको ३१ औं मिनेटमा सबिनाले गोल गर्दै टिमको अग्रता तेब्बर बनाइन्।

लगत्तै ३५ औं मिनेटमा सबिनाले व्यक्तिगत दोस्रो गोल गर्दा बंगलादेश ४-० ले अघि रह्यो। खेलको ५९ औं मिनेटमा सबिनाले ह्याट्रिक पूरा गर्दै बंगलादेशलाई ५-० को अग्रता दिलाइन्। सबिना जारी महिला साफमा ह्याट्रिक गर्ने पहिलो खेलाडी हुन्।

उनी सर्वाधिक गोल गर्ने सूचीको शीर्ष स्थानमा छिन्।

# आयुष र कृषा च्याम्पियन

**काठमाडौं/मस–** मध्यपुर थिमी न.पा. ७ भक्तपुर जिल्लाब्यापी अन्तर वडा ब्याडमिन्टन प्रतियोगिताको टिम च्याम्पियन बन्न सफल भएको छ। ब्याडमिन्टन ईतिहासमानै नौलो प्रस्तुती जिल्लाब्यापी वडा प्रतियोगितामा थिमी ७ ले एक स्वर्ण दुई रजत पदकका साथ टिम च्याम्पियन बन्न सफल भएको हो।

यस्तै दोश्रो स्थानमा रहेको मध्यपुर थिमी ८ एक स्वण र एक कास्य पदक प्राप्त गर्न सफल भयो। बराबर एक स्वर्ण प्राप्त गरेका सूर्यविनायक नगरपालिका ८ र मध्यपुर थिमी न.पा. ४ संयुक्त तेश्रो स्थानमा रहे।



अन्तर्राष्ट्रिय ब्याडमिन्टन विकास केन्द्रको आयोजना तथा भक्तपुर जिल्ला ब्याडमिन्टन संघको तत्वावधानमा भएको प्रतियोगितामा पुरुषतर्फ सूर्यविनायक नगरपालिकाका आयुष प्रजापती र महिलातर्फ मध्यपुर थिमी ४ की कृषा श्रेष्ठले उपाधी उचाले।

आयुषले सूर्यविनायक ३ का रमेश बस्नेतलाई २१-१३, १८-२१, २१-१६ ले पराजित गरे भने कृषाले मध्यपुर थिमी ७ की सर्मिला के.सी.लाई २१-१८, १७-२१, २१-१२ ले पराजित गरिन्।

पुरुष युगल तर्फ मध्यपुर ७ का भिम राज कार्की र साजन न्यौपानेको जोडीले उपाधी उचाले। उक्त जोडीले थिमी ७ कै अशोक अधिकारी र महेश कार्कीलाई २१-११, २१-१० ले पराजित गर्दै उपाधी कब्जा गरेका हुन्।

पुरुष युगल ४५ बर्ष माथिको प्रतिस्पर्धामा थिमी ८ का पूर्णहरि होना र प्रेम भक्त ज्यानाको जोडीले बाजी मारे। उक्त जोडीले थिमी ३ का भिम गिरी र देन लामाको जोडीलाई २१-१६, २१-१९ ले पराजित गरेका हुन्।

प्रतियोगिताका विजयी खेलाडीहरुलाई समाज सेवी एवं करातेका खेलाडी अष्ट कोवे, भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक थापा, भक्तपुर जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष राजेन्द्र प्रजापती लगायतले पुरस्कार वितरण गरेका थिए।

१२ लाखको लागत रहेको प्रतियोगिताको विजयी शिर्ष तीन स्थान प्राप्त गर्ने खेलाडीहरुले ट्रफी, मेडल र प्रमाण पत्रका साथ नगद २० हजार, १० हजार र ५ हजार प्राप्त गरे। २०० बढी खेलाडीको सहभागिता रहेको प्रतियोगिता दुवाकोट सिटी ब्याडमिन्टन सोसाईटी ब्याडमिन्टन हलमा भएको थियो।

# संयोग र इभानालाई उपाधि




**काठमाडौं/मस–** ललितपुर-१६ वडाका संयोग कपालीले शनिबार लमजुङका विनेश खनियालाई ४-१ ले हराएर दोस्रो पूर्णशंकर श्रेष्ठ राष्ट्रव्यापी अन्तर वडा टेबलटेनिस प्रतियोगिताअन्तर्गत पुरुष एकलको उपाधि जितेका छन्।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा संयोगले विनेशलाई ११-१, १३-११, १६-१८, ११-९ र ११-३ ले हराउँदै उपाधि जिते। स्पिन इभेन्ट्स प्रालिद्वारा आयोजित प्रतियोगिताअन्तर्गत महिला एकलमा ललितपुर वडा-१२ की इभाना थापामगरले संखुवासभाकी वियन्का राईलाई ११-८, ११-७, ११-३, ८-११, ९-११, ११-५ ले हराएर उपाधि जितिन्। यसैगरी, प्रतियोगितामा रनिङ शिल्ड ललितपुर-११ वडाले हात पार्‍यो।

ललितपुर-११ ले दुई स्वर्ण र एक कांस्य पदक जितेको थियो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठ, अखिल नेपाल टेबलटनिस संघका अध्यक्ष चतुरानन्द राजवैद्य तथा स्पिन इभेन्ट्सका अध्यक्ष सुमन शाक्य र सचिव ज्याकी महर्जनलगायतले विजेतालाई पुरस्कृत गरे।

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश अस्पताल**
**कर्णाली प्रदेश, सुर्खेत**

**बिद्युतिय बोलपत्र आव्हानको सूचना**

**प्रकासित मिति २०७९/०५/२६ (11 September 2022)**

अस्पतालबाट चालु आ.ब. २०७९/०८० मा निम्न खरिद कार्य बिद्युतिय बोलपत्र द्वारा गराउनु पर्ने भएकोले सम्बन्धित कार्यमा इजाजत पत्र प्राप्त फर्म वा कम्पनीले बोलपत्र फाराम वापतको तोकिएको रकम तपसिलको खाता नं. मा बुझाई भौचर, इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरुको स्क्यान कपी संलग्न राखि सूचनामा उल्लेखित मिति तथा समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साईट www.bolpatra.gov.np/egp मा बोलपत्र पेश गर्न यो सूचना प्रकासित गरिएकोछ। बोलपत्र सम्बन्धी बिस्तृत जानकारी www.bolpatra.gov.np/egp मा राखिएको बोलपत्र र अस्पतालको सूचना पाटिमा टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ।

**तपसिल,**

**बैकको नाम** : **राष्ट्रिय वाणिज्य बैंक, शाखा सुर्खेत**
**कार्यालयको नाम** : **प्रदेश अस्पताल, सुर्खेत** **राजश्व नं. १४२२९**
**कार्यालय कोड** : **३५००२६८०३६** **खाता नं. १०००१००२०१०१०००६**

| IFB No. | Description | Last date of Bid Submission | Price of Bid Document. | Bid Security |
|---|---|---|---|---|
| PH/Karnali/NCB-09/079-80 | Procurement of Vein Finder & Patient Warming System. | 2079/06/25, Before 12:00 noon. | 3000.00 | 1,14,000.00 |
| PH/Karnali/NCB-10/079-80 | Procurement of Flexible Nasopharyngolaryngoscopy System | | 3000.00 | 31,000.00 |
| PH/Karnali/NCB-11/079-80 | Procurement of ENT Microdebrider System. | | 3000.00 | 73,500.00 |
| PH/Karnali/NCB-12/079-80 | Procurement of Eye OT Equipment. | | 3000.00 | 2,20,000.00 |
| PH/Karnali/NCB-13/079-80 | Procurement of Kidney Intrument Set. | | 3000.00 | 2,33,500.00 |
| PH/Karnali/NCB-14/079-80 | Procurement of Urology Equipment. | | 5000.00 | 7,47,000.00 |

**अस्पताल निर्देशक**

# ‘फर्निचर एण्ड फर्निसिङ एक्स्पो २०२२ उत्साहप्रद छ’

नेपाल फर्निचर तथा फर्निसिङ एशोसियसन संघको आयोजनामा भदौ ३ गते देखि काठमाडौं भृकुटीमण्डपमा ‘फर्निचर एण्ड फर्निसिङ एक्स्पो २०२२’ सञ्चालन भइरहेको छ । एक्स्पो सञ्चालनको तेस्रो दिनको दिन शनिबार एक्स्पो स्थल भिजिटरहरुले भरिभराउ भएको थियो । एक्स्पोमा नेपाली तथा विदेशी कम्पनीहरुद्वारा उत्पादित फर्निचर तथा फर्निसिङका आधुनिक सामानका स्टलहरु रहेका छन् । जसमध्ये केही नेपाली उद्योगीहरुको तर्फबाट एक्स्पोमा स्टल राखेका केही व्यवसायीहरुको प्रतिक्रिया लिइएको छ ।

**आशिष पराजुली**
**प्रोपाइटर, मिस्टिक फर्निचर**



फर्निचर एक्स्पो उत्साहप्रद रहेको नेपाली उद्योग मिस्टिक फर्निचरका प्रोपाइटर आशिष पराजुलीले बताएका छन् । एक्स्पोमा मिस्टिकले अफिसियल रुपमा प्रयोग हुने फर्निचरहरु राखेको छ । आधुनिक फिनिसिङ भएका मिस्टिकका फर्निचरले विदेशबाट आयातित हुँदै आएका फर्निचरहरुलाई विस्थापित गर्दै गएको प्रोपाइटर पराजुलीले बताए । उनले एक्स्पोको ३ दिनसम्म आउँदा ५० लाख बराबरको फर्निचरको अग्रिम बुकिङ भएको बताए । एक्स्पोको मुख्य उद्देश्य ब्राण्डिङ गर्ने भएकोमा अपेक्षाअनुसारको भएको भन्दै पराजुलीले खुसी व्यक्त गरे ।

**सदाब आलम**
**सिइओ, युनाइटेड फम तथा म्याट्रेस उद्योग**



एक्स्पोमा भिजिटरहरु राम्रो संख्यामा आएको युनाइटेड फम तथा म्याट्रेस उद्योगका सिइओ सदाव आलमले बताए । यसपटकको एक्स्पोमा आगन्तुकहरुले कुन उत्पादनको कस्तो विशेषता रहको फाइदा बेफाइदा के कस्तो रहेको भन्ने बारेमा जानकारी लिन खोजेको उनले बताए । केही बिक्री पनि भएको भन्दै उनले एक्स्पोको ३ दिनमा अपेक्षा अनुसार उपलब्धि भने नभएको बताए । आलमले विगतका एक्स्पोमा बिक्रीदर बढी हुने गरेकोमा यसपटक त्यसो हुन नसकेको भन्दै उनले कोरोना महामारीपछि आम मानिसहरुमा पैसाको अभाव भएको हुनसक्ने देखिएको बताए । एक्सोपोले आगामी दिनमा व्यवसायको विकास हुनमा भने थप सहयोग पुऱ्याएको आलमको भनाइ छ ।

**तुलसी बहादुर गुरुङ**
**म्यानेजिङ डाइरेक्टर, युनाइटेड प्लास्टिक उद्योग**



राज्यले पछिल्लो समय व्यवसायलाई चलायमान बनाउन आवश्यक भूमिका नखेलेको युनाइटेड प्लाष्टिक उद्योगका म्यानेजिङ डाइरेक्टर तुलसी बहादुर गुरुङले बताए । उनले मन्दीको प्रभाव एक्सोपोमा देखिएको बताए । जसले गर्दा अपेक्षित रुपमा एक्स्पोमा उपलब्धि नभएको भनाइ छ । एक्स्पोमा अग्रिम अर्डर पनि आएको बिक्री पनि भएको गुरुङले बताए । तर, अपेक्षित रुपमा नभएको उनले भने । आफ्नो उत्पादनको विषयमा ग्राहकहरुसँग एक्स्पोमार्फत जानकारी गराउन पाएकाले यसको भविष्यमा सकारात्मक प्रभाव देखिने गुरुङको भनाइ छ ।

**अमन शाह**
**एशोसिएट डाइरेक्टर, प्रेस्टिज कार्पेट उद्योग**




प्रेस्टिज कार्पेट उद्योगका एशोसिएट डाइरेक्टर अमन शाहले एक्स्पोको माध्यमबाट धेरै ग्राहकहरुले अग्रिम अर्डर लिएको बताए । साथै एक्स्पोमा धेरै भिजिटरहरु जान्न बुझ्नको लागि आएको उनले भनाइ छ । एक्स्पो उत्साहजनक र अपेक्षकृत भएको शाहले प्रतिकृया दिए । विगतमा अन्य देशबाट सामान आयात गरेर एक्स्पो गरिने गरिएकोमा यसपटकको एक्स्पोमा धेरै स्टलहरुमार्फत आफ्नै मुलुकमा भएको उत्पादनको बारेमा ब्राण्डिङ तथा मार्केटिङ गर्न पाइएको उनले बताए । एक्स्पोले आगामी दिनमा नेपाली उद्यमहरुलाई थप विकास गर्न सहयोग पुर्‍याउने उनको भनाइ छ ।

**सञ्जय लामा**
**सचिव, नेपाल फर्निचर तथा फर्निसिङ एशोसियसन संघ**



नेपाल फर्निचर तथा फर्निसिङ एशोसियसन संघका सचिव तथा पानस स्यागी रग्स कार्पेटका व्यवसायी सञ्जय लामाले एक्स्पोले ब्राण्डिङलाई प्राथमिकतामा राखेको बताए । शनिबार सम्म आउँदा ठुलो संख्यामा भिजिटर आएको बताउँदै उनले एक्स्पो उपलब्धिपूर्ण रहेको बताए । लामाले आफ्नो कम्पनीले एक्स्पोबाट अग्रिम अर्डर लिनेभन्दापनि थोक व्यापार गर्ने भएकाले जिल्ला-जिल्लाबाट व्यवसायीहरु जोडिन आएको लामाको भनाइ छ । एक्स्पो ब्राण्डिङको पाटोमा महत्वपूर्ण हुने भन्दै यसले भविष्यमा फर्निचर तथा फर्निसिङ उद्यमीहरुलाई आफ्नो व्यवसायको थप विकास गर्न सहयोग पुऱ्याउने बताए ।

## होटल बाराहीलाई उत्कृष्ट उद्योगको सम्मान



**काठमाडौं/मस** – हस्पिट्यालिटीको क्षेत्रको पायोनियर पौडेल परिवारले सञ्चालन गरेको पोखराको होटल बाराहीले उत्कृष्ट उद्योगको सम्मान प्राप्त गरेको छ । पोखरा उद्योग वाणिज्य संघले प्रदान गरेको उक्त सम्मान गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्माले बाराही ग्रुपका निर्देशक वैभव पौडेललाई हस्तान्तरण गरेका छन् ।

होटल बाराही ४ दशक अगाडि पोखराको लेकसाइडमा हरिप्रसाद पौडेलले शुरु गरेका हुन् । पौडेलले हस्पिट्यालिटी क्षेत्रमा देखाएको बाटो पछ्याउँदै उनका छोराहरु विप्लव र वैभव आफ्नो बुवाको पदचाप पछ्याउँदै सोही व्यवसायमा आवद्ध छन् । सामान्य स्तरबाट सुरु भएको बाराहीमा त्यतिबेला प्रतिकोठा १० रुपैयाँ रहेको निर्देशक पौडेलले बताए । पर्यटन विभागबाट चार तारे होटलको मान्यता पाएको बाराहीमा अहिले ८० कोठा रहेका छन्, जहाँ एकैपटकमा दुई सय जनासम्म बास बस्न सक्छन् । आकर्षक स्वीमिङ पुल र गार्डेन रहेको होटलमा कन्फ्रेन्स हल, डेस्टिनेसन वेडिङ र अन्य इभेन्ट्स गर्न सकिने सुविधा पनि रहेको पौडेलले बताए ।

बाराही ग्रुपको लगानीमा चितवनमा बाराही जंगल लज, पोखरामा व्यञ्जन रेस्टुरेन्ट, सराङकोट माउन्टेन लज, आवास पोखरा, द बिच बार एन्ड लज, बब्स जिम सञ्चालनमा छन् ।


**खानिखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
साल्मेचाकल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

**खानिखोला गाउँपालिकाको अनुरोध**

- जन्म मृत्यु बसाईंसराइ विवाह दर्ता जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा पुगेर गरौं ।
- कृषिमा आत्मनिर्भर पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
- आफ्नो सन्तानलाई सक्षम एवं शिक्षित बनाउन विद्यालय पठाऔं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याउने बानी विकास गरौं ।
- व्यवसाय दर्ता गरौं, नवीकरण पनि समयमै गर्ने बानिको विकास गरौं ।
- नागरिकले अधिकारसंगै कर्तव्यप्रति पनि जिम्मेवार बनौं ।
- रुख विरुवा वृक्षारोपण गरी वातावरण हरियाली बनाऔं ।
- आर्थिक कार्यमा महिला सहभागिता बढाऔं ।
- बालविवाह रोकौं, छोरीको उज्वल भविष्यका लागि आजैदेखि सोचौं ।
- लैंगिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला, एवं अपांगता भएका व्यक्तिहरुका लागि गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुने दुरुपयोगमा खबरदारी गरौं ।

प्रमुख प्रशासकीय अधिकृत



**शम्भुनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**आ.ब. २०७९/०८० को सार्वजनिक हटिया ठेक्का सम्बन्धि शिलबन्दी दरभाउ आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२६ गते**

यस शम्भुनाथ नगरपालिकाको राजश्व परामर्श समितिको निर्णय अनुसार यस शम्भुनाथ नगरपालिका भित्र रहेको निम्न बमोजिमका हाट बजार बन्दोबस्तीको लागि तिन बर्षको लागि आ.ब. २०८१/०८२ सम्मको लागि ठेक्का लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रहि इच्छुक व्यक्ति/संस्थाहरुबाट रित पुर्वकको शिलबन्दी दरभाउ पत्र आह्वानको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

**निम्न**

| ठेक्का नं. | हटियाको नाम, बिवरण | ठेगाना/अवस्थित | तिन बर्षको लागि न्युन्तम ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|---|
| ०३३/२०७९/८० | कठौना हटिया | शम्भुनाथ न.पा.-६ | ३९५०००/- | |
| ०३४/२०७९/८० | ट्राफिक हटिया | शम्भुनाथ न.पा.-२ र ३ | १७५९५१/- | |
| ०३५/२०७९/८० | लहरनियाँ हटिया | शम्भुनाथ न.पा.-११ | २९१००/- | |
| ०३६/२०७९/८० | डेढवा हटिया | शम्भुनाथ न.पा.-१२ | ४६०००/- | |
| ०३७/२०७९/८० | कुशहा हटिया | शम्भुनाथ न.पा.-१२ | ३०५००/- | |

**नियम तथा शर्तहरु:**

१. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ । ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएकै मितिबाट उपलब्ध हुनेछ । एउटा फाराममा एक मात्र हटियाको लागि शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।
२. शिलबन्दि दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति: २०७९ असोज ९ गते आईतबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
३. शिलबन्दि दरभाउ पत्र मिति २०७९ असोज ११ गते मंगलबार दिनको १:०० बजे खोलिनेछ ।
४. शिलबन्दि दरभाउ पत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा परे सो को भोलि पल्ट हुनेछ ।
५. खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन ।
६. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वत: रद्द हुनेछ ।
७. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठौना स्थित बैंक खाता नं. २३२०१००३०३००००००८ मा नगद जम्मा गरेको सक्कल भौचर नागरिकताको प्रतिलिपि संलग्न राखि शिलवन्दी पेश गर्नुपर्नेछ ।
८. ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदै वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१०० ३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ । एकमुष्ठ रकम बुझाए १०% छुट दिइनेछ ।
९. एकमुष्ठ रकम नबुझाई किस्ता बन्दीमा बुझाउनेले तिन किस्तामा बुझाउँदा पहिलो किस्ता स्वीकृत भएको सात दिन भित्र बुझाई बाँकी दुई किस्ता रकम बराबरको जमानत पेश गर्नु पर्नेछ । अन्यथा सम्झौता गरिनेछैन । किस्ता दामासाहीले निर्धारण गरिनेछ । किस्ता बन्दीमा छुट दिईनेछैन ।
१०. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्दर्शनमा रहि सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ । सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन ।
११. कर पुर्जा अनिवार्य लागु गर्नु पर्नेछ र पुर्जा रसिद ठेकेदार स्वयमले नै छपाउनु पर्नेछ । कर बापत हटियामा जिन्सी सामान उठाउन पाइनेछैन ।
१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।
१३. पेश्की वा बाँकी बक्यौता हुनेले बक्यौता रकम नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन ।
१४. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैबि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्ने र सो कबोल गरेको रकममा मिनाहा हुनेछैन ।
१५. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।
१६. हटिया ठेक्का सम्बन्धि अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**